साप्ताहिक

गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक ४४ २०८२ असार ३ गते मंगलबार *(June 17, 2025)* मूल्य रू. १०/

गृहमन्त्रीले बोल्न पाउनु उपलब्धिरे

संसदमा सत्तापक्ष, प्रतिपक्षीले बोल्न पाउनु स्वभाविक प्रकृया हो । जब कुनै मुद्दामा बहस हुन्छ, बिबाद हुन्छ, त्यतिबेला संवाद, सहमति र सहकार्यको सवाल आउँछ । तर राष्ट्रिय विषयमा सत्तापक्ष र बिपक्षीवीच पेचिलो बहस भएको बेलामा प्रमुख प्रतिपक्षीको सहयोग लि नसपल भएर गृहमन्त्री रमेश लेखकले बोल्न पाउनुभयो । उपलब्धि नै त्यही भयो ।

तर यक्ष प्रश्न उठेको छ- गृहमन्त्रीको स्पष्टीकरणको नाममा अन्य प्रतिपक्षीलाई धम्क्याएको विषयले जनतालाई सुशासनको विषयमा आश्वस्त पार्न पटक्कै सकेन ।

यस्तो पनि सत्ताको उपलब्धि हुन्छ र ?

सर्वत्र भाइरल भएको सादगी

विश्वभरि भाइरल भएको, मन पराइएको फोटो हो यो । नवयुवराज हृदयन्द्र शाहको फोटो, सादगी र विनम्रताले सबैको नजर, सम्मान आकर्षित भएको छ ।

नेपालनै ब्ल्याकलिष्टमा पर्‍यो भने

विश्वका कुनै पनि देशका कम्युनिष्ट पार्टीमा संलग्न भएकालाई कुनै पनि हालतमा अमेरिकाले भिसा नदिने नीति लिने भएको छ । नेपालका कस्तो असर पर्ला ?

अमेरिकामा माओवादी पोज



बिशिष्टलाई ब्रम्हलूटको सुविधा

विशिष्ट पदमा रहँदा लुट् मच्चाउने, नैतिकहीन काम गर्ने, जनताको शोषण गर्नेहरू अवकाशपछि जनताले तिरेको करको ब्रम्हलूट मच्चाउँदैछन् ।

पूर्वविशिष्ट कर्मचारी र राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, अन्य लाई मासिक १ लाख भत्ता, २ लाख घरभाडा, वर्षको २ लाख घर मर्मत, एक थान २६ सीसीको गाडी, वर्षको २ लाख गाडी मर्मत, मासिक १५० लिटर पेट्रोल, ५ लिटर मोविल, एक उपसचिव कर्मचारी, एक ड्राइभर, पत्रपत्रिकाका लागि ३ हजार मासिक, उपचार खर्च बिल बमोजिम दिइनेछ ।

विश्लेषकहरूको प्रश्न छ- यो त अति कम भएन र ? अझ बढाउनु पर्ने हो । जनताको आँखा, कान, मुख केही छैन । जनतालाई जति दबाए पनि हुन्छ, देशलाई जति लुटे पनि हुन्छ । लुट्न सके लुट कान्छा भनेको यही कारणले होला ।

कुशासनबारे जसले बोल्छ, उसलाई साइबर कानुन लगाउन थालेको छ सरकारले । प्रतिपक्षीलाई मुद्दामा फसाउने र जेलमा सडाउने षडयन्त्र गरिरहेका छन् ठूला पार्टी र सरकारले । गणतान्त्रिक निरङ्कुशता झन झन बढ्दै गएको छ ।

नेपालबाट मान्छेबाहेक अरू केही निर्यात गर्न सकिएन

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा साह्रै कम बोल्ने नेता हुन् । उनी बोल्नुभन्दा पनि कामैले आफ्नो सुरक्षाकवच मजबुत पार्ने नेताका रूपमा चिनिन्छन् । चिच्याउने चिच्याइरहन्छन्, काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ । सभापति देउवा आफूलाई अभेद्य किल्लामा सुरक्षित राख्न काबिल नेता हुन् ।

नीति, नैतिकता, सिद्धान्त र बीपीका नीति जे सुकै हुन्, माओवादीको हँसिया हथौडा चिन्हमा आफ्ना कांग्रेसीजनलाई मतदान गर्नसमेत नहिचकिचाउने नेता देउवाले यतिबेला माओवादीलाई पन्छाएर अर्को बामपन्थी एमालेको टेको बनेर सत्ता साझेदार बन्नपुगेका छन । तिनै कांग्रेस सभापति देउवाले भनेका छन्- नेपालबाट मान्छेबाहेक अरू केही निर्यात गर्न सकिएन ।

गत मंगलवार नेपाली कांग्रेसको केन्द्रीय आपूर्ति तथा उपभोक्ता विभागले आयोजना गरेको 'आर्थिक वर्ष २०८२/८३ को बजेटले उपभोक्ता बजार आपूर्ति श्रृङ्खलामा पार्ने प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुगेका सभापति देउवाले देशप्रति साह्रै चिन्ता लागेको अभिव्यक्ति दिएका हुन् ।

यथार्थ के हो भने सभापति देउवा, पत्नी तथा परराष्ट्रमन्त्री आरजु देउवा, उनका छोरा जयवीर देउवा र अनेक कांग्रेसी नेता यतिबेला भ्रष्टाचार र आफूविरूद्ध बोल्ने, बोल्नेलाई सघाउने पत्रकारलाई समेत सिध्याइदिने धम्की दिएका अनेक बिबादहरू सार्वजनिक भएका छन् । त्यसो त योभन्दा पहिले वाइडबडी जहाज खरिद, एनसेल काण्ड, सुन प्रकरण, बुढी गण्डकी, लाउड, चेज, धमिजाकाण्डमात्र होइन, बालुवाटार जग्गा प्रकरणमा समेत मुछिएका छन् । तर कहिले प्रचण्ड, कहिले केपी ओलीलाई सघाउँदै भ्रष्टाचार काण्डलाई छोपछाप पार्न सफल भएका नेता हुन् । तथापि दुर्गन्ध समाजमा फैलिएकै छ ।

०४६ सालको परिवर्तनपछि राजाहरूले स्थापना गरेका ६३ उद्योगलाई निजीकरण गरेर कमिशन खानेमा कांग्रेस अछुतो छैन । नेपाली कांग्रेसका सभापति देउवाले ०४६ सालपछिको १२ वर्षलाई कालरात्रि नै प्रमाणित गरिदिएका थिए । सांसद खरिदबिक्रीदेखि, पजेरो काण्ड मच्चाउने पनि सभापति देउवा नै हुन् । आज आएर उनले मान्छेबाहेक अरू केही निर्यात गर्न सकिएन भन्नु गोहीले आँसु झार्दै मान्छे चपाएजस्तो हो भन्छन् राजनीतिक विश्लेषकहरू । किनकि कांग्रेसको उद्योगनीति भनेको कमिशन हो ।

कार्यक्रमबाट सभापति देउवाले नेपाल आयातमा निर्भर रहेको र भारतीय सिमानामा नेपालीलाई धेरै दु:ख दिएको गुनासो भारतलाई सुनाएका छन् । नेपाल आत्मनिर्भरता उन्मुख हुनुपर्ने बताए तर प्रजातन्त्रको बिडा उठाएको र ठूलो पार्टी नेपाली कांग्रेसले आत्मनिर्भरताका लागि के के गर्‍यो, के गर्नुपर्छ, कुनै मार्गचित्र सार्वजनिक गर्न सकेनन् । यद्यपि उद्योगपति र व्यापारीले उद्योग खोल्नुपर्ने र व्यापार गर्नुपर्ने, यसका लागि नेपाली कांग्रेस सघाउन तैयार रहेको बताए । देउवाले पहाड नाङ्गिएकोमा चिन्ता गरे, वृक्षारोपण गर्न र पहाड बचाउन जरूरी रहेको बताए । नेपाललाई हराभरा बनाउन सकने बताए तर मान्छे निकासी गरेको स्वीकार गर्ने कांग्रेस सभापतिले युवाविहीन गाउँ र जलवायु परिवर्तनको दुस्प्रभावले नाङ्गिएको पहाडलाई कसरी जिवन्त पार्ने ? भन्न सकेनन्, भाषणमा चिन्ता जताए । देउवाको चिन्ता सुनियो- मान्छेबोहक केही निर्यात नै छैन नेपालबाट । त्यस्तो अवस्था छ । अरू केही निर्यात गर्नै सकेका छैनौं । आयातमा भर पर्नुपर्ने कुरा छ ।

यक्ष प्रश्न छ- देउवाले देशको चिन्ता बोले, चिन्ता नासक बन्ने कहिले ?

माओवादीको यू टर्न

आफ्नो मामाको त यो गति, कानो मामाको भाङ्ग्राको धोती । यो उखान र नेपाली राजनीति उस्तै देखियो ।

प्रमुख प्रतिपक्षीले भिजिट भिसामा मान्छे बेच्ने मुद्दामा नाक, कान, आँखा बन्द गरेर सत्तापक्षलाई सघाएपछि नैतिकताका अनेक प्रश्न उठेका छन् । राप्रपाले सदन बहिस्कार गरेको छ, रास्वपा बेल घेरिरहेको छ, सभामुख जबरजस्ती सदन चलाइरहेका छन् । माओवादीको यू टर्नले प्रचण्डमाथि मुद्दाबाट जोगिने र अग्नि सापकोटाको मुद्दा साटफेर गरेको सम्मका आरोप लागेका छन् ।

मुस्ताङमा पेरिसडाँडा

मुस्ताङको पेरिस डाँडामा माओवादीको पार्टी कार्यालय बन्नथालेको छ । जम्मा ११ हजार भोटर रहेको र चुनावमा जहाजबाट मान्छे ओसारेर मतदान गराउनु पर्ने मुस्ताङ्मा अर्को पेरिसडाँडा ? घतलाग्दो समाचार हो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गत विहीवार मुस्ताङको घरपझोङ गाउँपालिका-४ झ्प्सोमा घच्याङ गुरूङबाट दानमा प्राप्त जग्गामा बौद्ध परम्पराअनुसार पार्टीको कार्यालय भवनको शिलान्यास गरेका हुन् । प्रचण्डले भनेका छन्- भवन निर्माणपछि संगठन विस्तार र मुस्ताङको विकासमा सहजता आउनेछ ।

एमालेमा छिर्की राजनीति

राष्ट्रपतिमा दुई कार्यकाल पूरा गरेकी विद्या भण्डारी अब एमाले राजनीतिमा फर्कने सूर कस्दैछिन् । उनलाई एमालेको अध्यक्ष हुने रहर जागेको देखिन्छ । अध्यष ओलीइ र विद्या भण्डारीवीचको बाटो छेकाछेक, धराप थापाथाप, आमने सामने राजनीतिले चकित पारेको छ । माओवादीका नन्दकिशोर उपराष्ट्रपतिबाट अवकाशपछि माओवादी उपाध्यक्ष बनेपछि विद्या भण्डारीले राज्यकोषको सुविधा लिंदै एमाले थिएँ, राजनीति गर्न कसैले रोक्न नसक्ने बताउन थालेकी छिन् । २० वर्षपछि बुढो हुने ओलीको कथन के होला ?

एमालेको २४औं अधिवेशन भदौ २०-२३ मा हुनसक्नेछ । यो अधिवेशनमा पुन: ओली कि विद्या ? चर्चा बाक्लिएको छ । ईश्वर पोखरेल विद्यातिर लागेपछि अध्यक्ष ओली आक्रोसित हुनथालेका छन् । विद्या भण्डारी अध्यक्षको आकांक्षी बनेको देखिन्छ । उमेर हद ७० वर्ष र ओलीका पक्षका खम्बा शंकर पोखरेल, विष्णु रिमाल र प्रदीप ज्ञवाली ढलपल भइदिए भने ओलीको सपना चकनाचूर हुनसक्नेछ ।

बालेनको क्रेज झन बढ्यो

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई लिएर भएको विवादपछि मेयर र उपमेयरबीच सम्बन्ध चिसिएको थियो, अब सुलह भएको छ ।

एउटा कर्मचारीलाई अन्यत्र सरूवा गरिदिएको भए महानगरकले झन बढी काम गर्नसक्ने थियो, प्रधानमन्त्रीले मेयरसँग जुँगाको लडाई गरेर सहसचिव सरोज गरागाईंलाई महानगरमै थचारेर बालेनलाई अलोकप्रिय पार्न खोज्दा उपमेयर सुनिता र प्रधानमन्त्री आफै आलोचनाको पात्र बने । ५ महिनादेखि महानगरको बैठक समेत बस्न सकेन । मेयर र उपमेयरको भेटवार्तापछि सभा हुनेभएको छ ।

मेयर, उपमेयर वडा १७ का अध्यक्ष नवीन मानन्धर, वडा ३२ का नवराज पराजुली र वडा १५ का ईश्वरमान डङ्गोलवीच छलफलपछि सहमति बनेको हो । अब मेयर बालेनले बैठक बोलाउने र बजेट अधिवेशन सम्भव हुने भएको छ ।

यद्यपि प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं स्वयम् किन गोटी बनेर बसेका छन्, आश्चर्य छ । मेयर र अधिकृतको झगडाले बिमति बढाएको हो । मेयर, उपमेयर र वडाअध्यक्षहरूले अब बैठक, नगरसभा मार्फत नीति, योजना र बजेटतर्फ ध्यान दिने विश्वास गर्न सकिन्छ ।

यी दुईको प्रयास: नयाँ पार्टी खोलिदै

बैंकिङ संकटको दीर्घकालीन समाधान कि नयाँ बोझ

रमेशकुमार बोहोरा :

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत बैंकिङ क्षेत्रको गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी (ब्ककभत :बलबनभझभलत ऋयकउबलथ) स्थापना गर्ने घोषणा गरेको छ। यो कदम सरकारको प्राथमिकतामा परेको देखिए तापनि यसको कार्यान्वयन पक्ष र विगतका अनुभवहरूले केही दुविधाको वातावरण सिर्जना गरिरहेका छन् ।

अर्थमन्त्री विष्णु पौडेलले बजेट वक्तव्यमार्फत बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न उक्त कम्पनी स्थापना गरिने घोषणा गरेका हुन् । यद्यपि यो अवधारणा नयाँ होइन । अघिल्ला सरकारका नीति तथा कार्यक्रमहरूमा पनि यसबारे चर्चा गरिएको थियो । त्यतिमात्र होइन रामेश्वर खनालको नेतृत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले समेत गैरबैंकिङ सम्पत्तिको संकट गहिरिँदै गएकाले दीर्घकालीन समाधानस्वरूप सम्पत्ति व्यवस्थापन कम्पनी गठन गर्नुपर्ने सिफारिस गरेको थियो ।

आयोगको प्रतिवेदनअनुसार २०७६ सालको असारसम्म जम्मा ५ अर्ब २५ करोड रूपैयाँ बराबरको गैरबैंकिङ सम्पत्ति थियो भने २०८१ को असारसम्म आइपुग्दा यो रकम ३५ अर्ब ५१ करोड रूपैयाँ पुगेको छ। अर्थात् पाँच वर्षमा यसमा सातगुणा बढी वृद्धि भएको छ। यो दरले आगामी वर्षहरूमा अझै बढ्ने सम्भावना रहेकोले यस संकटलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरू कर्जा असुलीमा प्रभावकारी हुन नसक्नु आर्थिक मन्दी, ऋणग्राहीहरूको क्षमता घट्नु र प्रणालीगत कमजोरीहरू यसका प्रमुख कारण मानिन्छन् ।

विगतमा नेपाल राष्ट्र बैंकले समेत सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयास गरेको थियो । कार्यकारी निर्देशक राजनसिंह भण्डारीको संयोजकत्वमा गठन गरिएको कार्यदलमा भीष्म ढुंगाना, पर्शुराम कुँवर र मनोज गोयल जस्ता अनुभवी बैंकरहरूको सहभागिता थियो । कार्यदलले कम्पनीलाई कानुनी अधिकार र विशेषाधिकारसहित स्थापना गर्नुपर्ने सिफारिस गरे पनि त्यसको कार्यान्वयनमा गति देखिएन ।

हालको बजेटमा स्पष्ट रूपमा यो विषय समावेश गरिएकाले बैंकिङ क्षेत्र केही हदसम्म उत्साहित देखिन्छ । नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले लामो समयदेखि बैंकरहरूले उठाउँदै आएको माग सम्बोधन भएको भन्दै यसलाई सकारात्मक कदमका रूपमा स्वागत गरेका छन् । तर उनका अनुसार केवल घोषणा गरेर मात्र नपुग्ने भएकाले कार्यान्वयनमा सरकार गम्भीर हुन आवश्यक छ । उनका शब्दमा "घोषणा राम्रो हो, अब कार्यान्वयनको पक्ष अझ महत्त्वपूर्ण हुन्छ।"

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री भने त्यति उत्साहित देखिँदैनन् । उनका अनुसार, "सम्पत्ति शुद्धीकरण, राजस्व अनुसन्धान वा अन्य नियामक निकायहरू पनि स्थापना भए तर तिनीहरू कति प्रभावकारी भए भन्ने हेर्नुपर्ने समय आएको छ। यस्ता कम्पनी खोल्ने नाममा कुनै पात्रलाई नियुक्त गर्ने र काम नगर्ने परम्परा दोहोरिन सक्छ ।" उनको चिन्ता हो कि नेपालमा यस्ता घोषणाहरू बजेटमा त आउँछन् तर त्यसको कार्यान्वयन नगरी अलपत्र पारिन्छ । यदि सिर्जनात्मक उद्देश्यसहित कम्पनी स्थापना नगरिएमा उक्त संस्थाले समाधान दिनुको सट्टा थप बोझ सिर्जना गर्न सक्ने चेतावनी उनी दिन्छन् । राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा सम्पत्ति व्यवस्थापन कम्पनीको उल्लेख गरेपछि अहिले मस्यौदा तयारीको चरणमा पुगेको छ। यद्यपि, कानुनी संरचना, कार्यविधि, जनशक्ति, लगानी मोडेल र अधिकार निर्धारणका पक्षमा अझ धेरै गृहकार्य गर्न बाँकी नै छ ।

वैश्विक सन्दर्भमा हेर्ने हो भने जापानले सन् १९९० को दशकको बैंकिङ संकटपछि च्भकयगितष्यल बलम ऋर्याभिअतष्यल ऋयचउयचबतष्यल (च्ऋऋ) स्थापना गरी खराब कर्जा व्यवस्थापन गरेको थियो । दक्षिण कोरियाले सन् १९९७ को एसियाली वित्तीय संकटपछि प्यचभब ब्ककभत :बलबनभझभलत ऋयचउयचबतष्यल (प्ब्ऋइ) स्थापना गरेर त्यस्तै कार्य सम्पन्न गरेको थियो। अमेरिकाले पनि सन् १९८९ देखि १९९५ सम्म च्भकयगितष्यल त्चगकत ऋयचउयचबतष्यल (च्त्ऋ) को प्रयोग गरेर संकटग्रस्त बैंकहरूलाई राहत दिने प्रयास गरेको थियो । यी अन्तर्राष्ट्रिय उदाहरणहरूले देखाउँछन् कि जब प्रणालीगत वित्तीय संकट आउँछ तब यस्ता संस्थागत संयन्त्रहरू अपरिहार्य बन्छन् ।

नेपालको सन्दर्भ भने ती देशहरूभन्दा भिन्न छ। नेपालको आर्थिक संरचना, बैंकिङ अभ्यास, कानुनी ढाँचा र संस्थागत क्षमताहरू तुलनात्मक रूपमा कमजोर छन् । यस्तो अवस्थामा सम्पत्ति व्यवस्थापन कम्पनीलाई कस्तो कानुनी अधिकार, उद्देश्य र संरचना दिइन्छ भन्ने कुरा अत्यन्त संवेदनशील हुन्छल। यदि कम्पनीलाई केवल खराब कर्जा किन्ने संस्था बनाइयो र पुनःवितरण वा वसूली प्रक्रियामा राजनीतिक हस्तक्षेप भयो भने यसले ठूला कारोबारिहरूलाई उन्मुक्ति दिन खोजिएको सन्देह पैदा गर्न सक्छ। अर्को महत्त्वपूर्ण पक्ष भनेको कम्पनी प्रभावकारी ढंगले सञ्चालन गर्न राष्ट्रको कानुनी संरचनामा समेत सुधार आवश्यक हुन्छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र ऋण असुली ऐन, २०५८ मा आवश्यक संशोधन गरी सम्पत्ति व्यवस्थापन कम्पनीलाई स्पष्ट र बलियो कानुनी आधार दिनु आवश्यक छ । अन्यथ कम्पनी केवल एक कागजी संस्था बन्ने सम्भावना रहन्छ ।

अब प्रश्न उठ्छ के सरकारले यो घोषणा व्यवहारमा उतार्न सक्दछ ? के कानुनी संरचना, वित्तीय मोडेल, दक्ष जनशक्ति, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरेर कम्पनीलाई प्रभावकारी बनाइनेछ वा फेरि पनि यो घोषणा केवल घोषणामै सीमित हुनेछ र पुरानै समस्याहरू पुनः दोहोरिने छन् ?

सम्पत्ति व्यवस्थापन कम्पनीको सफलता यसको संस्थागत स्वरूप र राजनीतिक इच्छाशक्तिमा निर्भर रहनेछ । गैरबैंकिङ सम्पत्तिको वृद्धिले मुलुकको वित्तीय स्थायित्वमा गम्भीर असर पार्न सक्ने सम्भावना रहेकोले अब यस विषयलाई टालटुल ढंगमा होइन दीर्घकालीन रणनीति र प्रतिबद्धता सहित समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ । बैंकहरूबाट असुल गर्न नसकिएका ऋणहरूको समयमै व्यवस्थापन गर्न नसके सम्पूर्ण वित्तीय प्रणाली नै जोखिममा पर्न सक्छ जसको प्रत्यक्ष असर अर्थतन्त्र, रोजगारी, लगानी तथा समग्र विकास प्रक्रियामा पर्न सक्नेछ ।

यसैले अब आवश्यक छ कि सरकार केवल घोषणा गरेर मात्र नबसोस् तर कानुनी, संस्थागत र कार्यान्वयन पक्षमा समेत स्पष्ट, निर्णायक र पारदर्शी रूपमा अघि बढोस् । नत्र यो पनि विगतका अरू यस्तै घोषणाहरूझैँ अधुरो र निराशाजनक बन्नेछ ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

नेपालमा संविधान संशोधनको बहस र संघीयता

डा. केशव देवकोटा

नेपालमा पछिल्लो समयमा खासगरी आफूलाई कम्युनिष्ट भन्न रूचाउनेमध्ये केहीले संयुक्त राष्ट्रसंघका एजेण्डाहरूलाई क्रान्तिकारी आवरण दिएर नेपाली समाजमा लागू गर्ने/गराउने प्रयास गरेको देखिएको छ ।

नेपालमा फेरी संविधान संशोधनको बहसले सडकदेखि सदन र सरकारसम्म नै स्थान पाउन थालेको छ । तर संघीयता लगायतका केही यस्ता प्रावधानहरू रहेका छन्, जसलाई परिवर्तन गराउन पनि नसकिने र नगरिपनि नहुने अवस्था सिर्जना भएको छ। हालैमात्र केही कार्यक्रममा प्रतिनिधिसभाका सभामुखबाट समेत देशमा सुशासन कायम गर्ने/गराउने होभने समयानुकूल र जनचाहना अनुसार संविधान संशोधन आवश्यक रहेको भन्ने कुराहरू ब्यक्त भएका छन् । के देखिएको छभने ०६३ को राजनीतिक परिवर्तन अब काँचोपल्टदै गएको छ । अब बेलायतीहरूको सौजन्यमा दिल्लीमा गरिएको १२ बुँदे सहमतिको कुरागरेर केही हुनेवाला छैन । गर्ने नै होभने नेपालभित्रै नेपालीहरू मात्रको पहलमा संविधानसभा र संसदमा रहेका र नरहेका तर क्रियाशील राजनीतिक पार्टीहरूको एउटा बृहत् सम्मेलनगरी नयाँ सहमति र संझौता गर्नुपर्दछ अनिमात्र नेपालको राष्ट्रिय राजनीति सहीढंगले अगाडि बढ्ला अन्यथा यो अब फेरी मुठभेडतर्फ अगाडि बढ्न थालेको छ र यसले देशमा ठूलो राजनीतिक दुर्घटनालाई निम्त्याउने निश्चित नै छ ।

१.अर्थहीन १२ बुँदे सहमति : ०६२ मंसिर सातगते भारतको राजधानी नयाँ दिल्लीमा नेपालमा तत्कालीन अवस्थामा जनयुद्धरत नेकपा माओवादी र नेकां तथा एमालेलगायतका संसदवादी सात दलबीच १२ बुँदे सहमति भयो भनियो । तर त्यो सहमति त्यसरी विदेशी भूमि त्यो पनि दिल्लीमा गर्नुहुने थिएन । त्यो सहमतिको खास उद्देश्य भनेको हिंसात्मक सशस्त्र आन्दोलनमा रहेको माओवादीले हिंसा छाडेर संसदीय राजनीतिमा आउने र संवैधानिक राजतन्त्र मानेर संसदीय राजनीति गरिरहेका नेकां र एमाले लगायतका सातदलले संवैधानिक राजतन्त्रलाई छाडेर गणतन्त्रमा जाने भन्ने नै हो । जुन काम भैसकेको पनि छ । अब फेरी पनि १२ बुँदेमा हस्ताक्षर गर्ने दलहरू सधैंभरी एकैठाउँमा बस्नुपर्छ र एउटै शोच राख्नुपर्छ भन्ने छैन । आखिर बस्न पनि सकिरहेका छैनन् । दिल्लीमा नाटकीय ढंगले गरिएका कारण नेपालको देशभक्त शक्तिले त्यो १२ बुँदेलाई मान्दा पनि मान्दैन ।

२. संघीयता जस्ले ल्यायो उसैले सिध्यायो : बास्तवमा संघीय शासन नेपालमा लागूनहुँदै असफल भएको व्यवस्था हो । जसका कारण ०७२ को संविधान पूर्ण रूपमा कार्यान्वयन हुन सकेन । अन्य बिभिन्न आर्थिक, सामाजिक र राजनीतिक संकटहरूको सिर्जना भएको छ । नेपालको जेजस्तो भूबनोट छ, जेजति भाषा, जात,जाति र हिमालदेखि तराईसम्मका क्षेत्रहरू रहेका छन् । सुगौली सन्धिबाट नेपालको भूभाग हराईरहेको छ । त्यस्तो अवस्थामा संघीय शासनको कुरा गर्नुनै पनि गल्ती थियो र भयो पनि । नेपालको गुमेको सीमाको खोजी हुनुपर्ने बेलामा राष्ट्रको सीमानै खोज्न छाडेर राज्यको सीमाना छुट्याउने तिर लाग्नु हुँदैनथ्यो । नेपालका छिमेकीहरूको जेजस्तो तानातान र हानाथाप चल्नेगरेको छ त्यस हिसावले हेर्दापनि यहाँ संघीय शासन घातक हुनजान्छ भन्ने पहिले नै स्पष्ट थियो । नेपालमा सबैभन्दा पहिले संघीयताको प्रस्तावगर्ने मधेशी दलहरू हुन् । जसले नेपालबाट तराईलाई अलगगर्ने निहित स्वार्थ राखेर ००७ सालदेखिनै त्यस्तो प्रस्ताव गर्दैआएका थिए । उनीहरूले बेलाबखत मधेश एक प्रदेश नभए एक नेपाल पनि रहँदैन र मधेशका २२ जिल्ला अलग हुन सक्छन् भन्ने धम्की पनि दिनेगरेका थिए । यसैबाट मधेशीहरू दलहरूको संघीयताको प्रस्तावको खास उद्देश्य के हो बुझ्नु पर्दछ । मधेशी दलहरूलाई केही माओवादीहरूले नाटकीयरूपले समर्थन गरे । किन गरे ? त्यसका अनेक कारण हुनसक्छन् । त्यो छुट्टै व्याख्या र बिश्लेषणको बिषय हो । संघीयता भनेको खास कम्युनिष्टहरूको मागनै होइन । यसले नव सामन्तवादी व्यवस्थालाई मलजलगर्ने काम गर्दछ । बिभेदकारी राज्यको स्थापना, जनताका बीचमा एकता र मित्रतामा ह्रास ल्याउने काम गर्दछ । नेपालमा संघीय शासनमा जाने घोषणा हुनासाथ तत्कालीन एमाओवादीले छुट्टिएर जानपाउने आत्मनिर्णयको अधिकार सहितको प्रदेशको माग गरेको थियोभने केही मधेशी दलहरूले एक मधेश प्रदेशको माग गरेका थिए । त्यसलेनै संघीयतालाई विवादमा पाऱ्यो र बिधिवत लागुनहुँदै असफल बनाउने काम पनि गऱ्यो । उनीहरूले जसरी पनि नेपाललाई संघीयतामा लाने भनेर जोरजबरजस्ती नगरेको भए संघीयता यतिबिधि विवादमा पर्ने थिएन कि ? तत्कालीन एमाओवादी र मधेशी दलको संघीयताका नाममा अगाडि सारेका कुराहरूको आशय नेपाललाई बिभाजनमा पुऱ्याउने होभन्ने धेरैले बुझेका कारण यसको बिरोध भयो र हुँदै पनि आएको छ । संघीयतालाई जातीयताले खायो, संघीयताले गणतन्त्र नेपालको संविधानलाई खायो । अब पनि संघीयताको पछाडि लाग्ने होभने यसले देशलाई नै खान पनि सक्ने अवस्था छ । नेपालमा संघीयता हुननदिने शक्ति यसको खुलेर बिरोध गर्नेहरू होइनन् बरू यसलाई प्रक्रिमा लगेर जनताबाट अनुमोदन नगराई जबरजस्त लागु गर्न/गराउन खोज्नेहरू नै हुन् । त्यसैले भन्नैपर्छ संघीयताको प्रस्ताव जस्ले ल्यायो उसैले सिध्यायो ।

२.धर्म निरपेक्षताभित्रको षडयन्त्र : राजनीति भन्ने कुरा धर्म सापेक्ष हुनैसक्तैन । अझ कम्युनिष्टहरूले त धर्मलाई अफिमनै मान्ने गर्दछन् । त्यसैले धर्म निरपेक्षताको घोषणा हुनु राम्रो हो । तर यसलाई गलत अभिप्राय र ढंगले नेपालमा प्रस्तुत गरिएको छ । जजस्ले नेपालमा धर्मनिरपेक्षताको प्रस्ताव गरे उनीहरूले तत्कालैबाट हिन्दू धर्मको बिरोध र क्रिष्चियन धर्मको प्रचार गरे । नेपालमा मिलेर बसेका हिन्दू र बौद्ध धर्माबलम्बीहरूलाई जुधाएर क्रिष्चियन बनाउने खेतीनै शुरू भयो । जसबाट नेपालमा धर्म निरपेक्षता क्रिष्चियनको रकम खाएर उनीहरूको प्रचारका लागि ल्याइएको भन्ने खुलासा भयो । त्यतिमात्र नभएर धर्मनिरपेक्षताको वकालतगर्नेहरूले पहिचानको आवरणमा जातीय राजनीतिगर्न खोजेको देखियो । त्यसैले पहिचानकै लागि बिभिन्न जातीय राज्यको घोषणा हुनसक्छभने पहिचानकै लागि दुईतिहाई हिन्दू जनसंख्या भएको देशमा हिन्दू गणतन्त्र किन हुनसक्दैन भन्ने प्रश्न उठेको हो । उनीहरूले नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा हुनासाथ क्रिष्चियनको खुलेर प्रचारगरी आफ्नो भित्री रहस्य नखोलेको भए यसरी धर्मनिरपेक्षताको बिरोध हुने थिएन । यसरी धर्मनिरपेक्षता पनि जसले ल्यायो त्यसैले सिध्याउने कामगरेको छ । अब नेपालमा पहिचानका लागि भए पनि हिन्दू राष्ट्र नै घोषणा गर्नुपर्ने अवस्था छ ।

३. समावेशीता : समावेशी राजनीतिभन्ने पनि सुन्दा कर्णप्रियमात्र होइन निष्पक्ष अभ्यासगर्न सकेमा राम्रो कुरा पनि हो । तर ०६३ को राजनीतिक परिवर्तनपछि यसको प्रस्ताव गर्नेहरूले यसमा पनि जातीय समावेशीताको कुरा गरे । आजको २१ औ शताब्दीमा विश्वबाटै जात भात भन्ने कुरा उन्मूलन हुँदैगएको अवस्थामा हरेक कुराहरूमा जातीय समावेशीताको कुरागर्नु देख्नेहरूका लागि लाजमर्दो भनेजस्तो भएको छ । जुन जातका मान्छेले धेरै पैसा कमाएका छन्, उनीहरूलाई राजनीतिमा आरक्षण, जुन जातका मानिसले सबैभन्दा बढी सामाजिक अपराध गर्दछन, उनीहरूलाई पनि राजनीतिदेखि सबै क्षेत्रमा आरक्षण, जसले खुलेयाम देश टुक्र्याउने कुरागर्छ, त्योसँग संविधानकाबारेमा सुझाव लिने तर जसले बृहत् नेपालको कुरागर्छ उससँग सामान्य सुझाव पनि नलिने, देश टुक्र्याउने कुरागर्नु उसको मनव अधिकार हुन थालेपछि यो समावेशीकरणको दुरूपयोग नभएर के हो त ? यो प्रस्ताव नेपालजस्तो पछाडिपरेको देशलाई प्रतिश्पर्धात्मक कामबाट पछाडि धकेल्ने साजिसमात्र हो । ०६३ को राजनीतिक परिवर्तनपछि ल्याइएको यो नारा पनि जसले ल्यायो उसैले बिकृत बनायो । यसले नेपाली जनताका बीचमा बेमेल पनि बढाउने कामगरेको छ । यो साम्राज्यवादीहरूको फुटाउ र शासन गरभन्ने नीति अन्तर्गत आएको हुनसक्छ । जातीय र लिंगिय आरक्षण आजको २१औ शताब्दीमा सुहाउने कुरा होइन । बास्तवमा बर्गिय समावेशीता र बर्गिय आरक्षणको राजनीति हुनुपर्दछ ।

निचोडमा भन्नुपर्दा नेपालमा पछिल्लो समयमा खासगरी आफूलाई कम्युनिष्ट भन्न रूचाउनेमध्ये केहीले संयुक्त राष्ट्रसंघका एजेण्डाहरूलाई क्रान्तिकारी आवरण दिएर नेपाली समाजमा लागू गर्ने/गराउने प्रयास गरेको देखिएको छ। संयुक्त राष्ट्रसंघ भनेको शक्तिराष्ट्रहरूको पक्षमा काम गर्ने/गराउने उनीहरूको कठपुतली संस्था हो । जब नेपालको केही आफूलाई अरूभन्दा बढीनै क्रान्तिकारी भन्न रूचाउने कम्युनिष्ट पार्टीहरूले सो संस्थाका नीति र कार्यक्रमहरूलाई नै आफ्नो नीति र कार्यक्रम बनाउँछन् भने योभन्दा ठूलो बिडम्बना के हुन सक्छ ? विश्व साम्राज्यवाद र विस्तारवादको नेपाल नीति के हो ? भन्ने कुराकोसमेत कुनैख्याल नगरीकन नेपालका केही कम्युनिष्ट घटकहरूले कामगरेका कारण नेपालमा यो राजनीतिक गतिरोध र अन्यौल एवं अनिश्चितताको अवस्था आएको हो । त्यसैले नेपालमा जनताको राजनीतिलाई स्थापित गराउने होभने संघीयताकाबारेमा जनमत संग्रहमा नै जानुपर्दछ अथवा संघीयतालाई छाडेर स्थानीय स्वायत शासनमा आधारित शासन व्यवस्थाको प्रवन्ध हुनुपर्दछ । विश्व साम्राज्यवादको नेपाल नीतिलाई असफल पार्नुपर्दछ र उनीहरूका चाटुकारहरूलाई जनताका सामु नंग्याउनु पर्दछ । ०७२ को संविधान संशोधन गर्नुअघि ध्यान दिने यिनै कुराहरू हुन् ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऔं, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऔं ।
- ट्युबेलको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्युबेल सफा गरौं ।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं ।
- दिसा गरेपछि, बच्चाको दिसा छोए पछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं ।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं ।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं ।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

मुक्तक लेख्ने प्रयासहरू – तिमी भनौला यो समय मनसुनको छ

माया भरि जतन गरी पुरै शरीर राख्नु प्रिय
ढुक्क भई यो काँधमाथि तिम्रो शिर राख्नु प्रिय
अप्ठ्यारोमा हात दिन्छु जीवनभरि साथ दिन्छु,
ती आँखाका नानीभित्र मेरै तस्बिर राख्नु प्रिय ।

- नवशिला, सिक्किम

आफ्नाले हो माथी पुगेकालाई झार्न सक्छन् ।
फसाउने जाल बुन्छन् खाडलमा पार्न सक्छन् ।
आफ्ना खै के के हुन मिथ्या, बुझ्नै गाह्रो
मूर्खले रामराम समय पाउदा पछार्न सक्छन् ।

- सरस्वती तिवारी

अहँ म फर्किन्न तिम्रो शहरमा
अहँ म फुल्दिन तिम्रो रहरमा
अमृत भनेर पिलायौ जहर
अहँ म घुल्दिन तिम्रो जहरमा ।

- पौडेल रूपा

हरेक महिना मन्त्रीमण्डल थपघट हुन्छ
सिंहदरबारमा बुख्याँचाहरूको जमघट हुन्छ
आर्यघाटको तारतम्य मिलाउँदा मिलाउँदै
पाँच वर्षमा सरकार अठार पल्ट थपघट हुन्छ ।

- देवी काफ्ले

कति आए कति आए झूठा सपना बाँड्नेहरू
झूठा सपना देखाई देखाई सुन्दर घर भाँड्नेहरू
कत्ति पनि बिचलित नभई स्थिर भई बसिदिंदा
घरका न घाटका भए मलाई आँखा गाड्नेहरू

- मीरा पुरी

यो देशको हालत देखेर दिक्क लागिसक्यो
यी नेताको आदत देखेर दिक्क लागिसक्यो
वीर पूर्खाले दुःख गरी जोगाएर राखेको
गुमाएको इज्जत देखेर दिक्क लागिसक्यो ।

- सुशीला ढकाल

कसैले साँच्चै भने पनि भ्रामक जस्तो लाग्ने भयो
कसैले यथार्थै बताए पनि नाटक जस्तो लाग्ने भयो
हामीलाई यस्तै कुरामा अभ्यस्त बनाए त के गरौं!
कसैले गौरवकै कुरा बताएनि धाक जस्तो लाग्ने भयो

- इन्द्रकुमार श्रेष्ठ

एउटै जुनी मलाई भार भएको बेला
चुलेसी र खुकुरी झै धार भएको बेला
सातौ जुनी मेरो तिमीलाई नै हो भन्छौ,
सपनाहरू टुक्रिएर हजार भएको बेला ।

- शान्ता खवास

फर्किए विदेशबाट च्यापेर समस्याहरूका ठुला बोरा
समस्याहरूका जडनै हो देशमा धेरै भ्रष्टाचारी मोरा
बेइलमी भएर कहिलेसम्म बस्नु पर्ने हो निमुखाले
दूख खाइरहने भए सधैंभरि नौजवान छोरी र छोरा !

- पवनकुमार बुढाथोकी

तिमी नै जित तिमी नै हार भनेको बिर्सियौ
तिमी भए चाहिदैन यो सँसार भनेको बिर्सियौ
आखिर के भयो अर्केको हात समाती गयौ प्रिय
ऊ बेला तिमीलाई ज्यान उपहार भनेको बिर्सियौ

- अर्जुन अधिकारी

सुन लगाएको सबैले देख्छन् गुन लाएको देख्दैनन्
बाहिरको घाउ सबैले देख्छन् मुटु खाएको देख्दैनन्
बन्चरोले रूखको बिड बनाएर रूखलाई नै काटेझै
विश्वास गरेको सबैले देख्छन् घात पाएको देख्दैनन्

- लीला दाहाल अधिकारी

बिस्तारै आउनु घाटमा हतार गर्नु पर्दैन
जिउँदै मरेका छन् मुटुहरू फेरि मर्नु पर्दैन
म अक्सर हराउँथे हरेक पल यो भिडमा
राजधानी सरेछ शायद डेरा सर्नु पर्दैन ।

- रूबी सत्याल

मीना श्रेष्ठको एकल कविता

कवि मा. मीना श्रेष्ठको एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको छ । जेठ २९ गते महिला साहित्य समूहले अनामनगर, काठमाडौंमा साहित्यकार माननीय मीना श्रेष्ठको एकल कविता वाचन कार्यक्रमको आयोजना गरेको थियो ।

वरिष्ठ साहित्यकार उषा शेरचनको सभापतित्वमा आयोजित सो कार्यक्रमको प्रमुख अतिथि गुन्जनकी अध्यक्ष कथाकार जलेश्वरी श्रेष्ठ रहनु भएको थियो ।

उक्त कार्यक्रममा कवि मीना श्रेष्ठले आफ्ना १५ थान कविता वाचन गर्नु भएको थियो । साहित्यकारहरू मन्जिला अनिल, शान्ति पौडेल, सृजना शर्मा, निर्मला फुयाँल, उषा शेरचन, रीता खत्री लगायतले कवि श्रेष्ठको कविता वाचन गर्नु भएको थियो ।

कार्यक्रममा साहित्यकार डा. यादेवी ढकालले कवि मीना श्रेष्ठको संक्षिप्त परिचय गराउँदै श्रेष्ठको कविता लेखन र लेखनीबारे प्रकाश पार्नुभयो ।

महिला साहित्य समूहकी संयोजक कवि रीता खत्रीले सहजीकरण गर्नु भएको सो कार्यक्रममा प्रमुख अतिथि जलेश्वरी श्रेष्ठ, सभापति उषा शेरचन र कवि मीना श्रेष्ठले विशेष मन्तव्य समेत राख्नु भएको थियो ।

वि. स. २०३४ चैत २६ गते खोटाङमा जन्मिनु भएकी कवि मीना श्रेष्ठ २०५३ ;fnf **'खै कहाँ खोजुँ म नारी मुक्ति'** कविता प्रकाशित गरेर नेपाली कविता साहित्यमा प्रवेश गर्नु भएको हो । उहाँ कविता साह्रै मर्मस्पर्षी मानिएका छन् ।

कवि श्रेष्ठको 'बिस्कुन यो मनको' २०७१ र 'फर्गेट एस्टर्डे' कविता कृतिहरू प्रकाशित रहेका छन् । कवि मीना श्रेष्ठलाई वर्तमान कालखण्डको उदीयमान कविका रूपमा चित्रित गरिएको छ । कविको साधना सफल होस् ।

विरहीको एकल रचनावाचन

राप्ती साहित्य परिषद दाङ शाखाको आयोजनामा नियमित मासिक कार्यक्रम साहित्यकार सुशील पुन विरहीको एकल रचनावाचन कार्यक्रम सम्पन्न भएको छ ।

दाङ ३० जेठ । साहित्यकार सुशील पुन विरहीको एकल रचनावाचन कार्यक्रम सम्पन्न भएको छ । राप्ती साहित्य परिषद दाङ शाखाको आयोजनामा नियमित मासिक कार्यक्रम अन्तरगत एकल रचनावाचनको ८१औं श्रृंखलामा भएको हो ।

परिषदका जिल्ला अध्यक्ष यम

रेग्मीको अध्यक्षता तथा वरिष्ठ साहित्यकार एव्म पत्रकार नारायणप्रसाद शर्माको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा साहित्यकार पुनले आफुले रचना गर्नुभएका दर्जन बढी गजल, कविता, मुक्तक, हाईकु प्रस्तुत गर्नुभयो । प्रस्तुत रचनाले समाज, देश परिवेश र समसामयिक विषयलाई छोएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि

शर्माले साहित्य सिर्जनामा देश र समाजको बिम्बलाई समेटेर अघि बढ्नुपर्ने बताउनुभयो । साहित्यले समाजको चेतनाबोधलाई उजागर गर्ने हुँदा सकारात्मक चिन्तन समावेश गर्न साहित्यकारले ध्यान दिनुपर्ने बताउनुभयो । परिषदका जिल्ला उपाध्यक्ष सुरेशकुमार पाण्डेको स्वागत मन्तव्यबाट शुरू भएको कार्यक्रमको सहजीकरण सचिव घनश्याम केसीले गर्नुभएको थियो ।

नेपाली नस्ल

पुस्तक समीक्षा



अरूणबहादुर खत्री

लघुकथाकार वसन्त अनुभवको नेपाली नस्ल नामक लघुकथासङ्ग्रह २०८० मा प्रकाशित भएको छ । यस कृतिभित्र उनले लेखेका क्वाँटी, गिलासको पैसा, निर्दयी, छोराको कर्तव्य, खुसी, महाजोकर लगायत विभिन्न शीर्षकका ५४ वटा लघुकथाहरू राखिएका छन् । यसमा



सङ्गृहीत ५४ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको क्वाँटी शीर्षकको पहिलो लघुकथामा जेई ! हाम्ले क्वाँटी कसबेला खाने ? खेलेर आउनेबित्तिकै भुन्टेले आमासँग भन्दछ । भुन्टेको प्रश्नले पोहोर मुखियाको घरमा खाएको क्वाँटीको उनलाई झलक्क याद आउँदछ । यस कृतिभित्रको गिलासको पैसा शीर्षकको लघुकथामा सडक छेउको चिया पसलमा बसेर चिया पिउँदै थिए । दौरासुरूवाल कोटमा सजिएका एक हुल मान्छेहरू पसलमा छिरे । चिया अर्डर गरे । अघिदेखि जुठो गिलास माझ्दै गरेको करिब दस वर्षको केटोले चिया लिएर आयो । चिया दिनैलाग्दा उसको हातबाट गिलास छुटी भुइँमा खसेर फुट्यो । चियाका केही छिटाहरू सुकिला मान्छेको सुरूवाल र जुत्तामा लाग्न पुग्यो । साले राँडीको छोरा आँखा पनि देख्तैनस् । नयाँ सुरूवाल भर्खर पालिस गरेको जुत्ता सबै फोहोर बनाइदियो । अब बालदिवस कार्यक्रममा कसरी जाने ? भनिएको छ । लेखनी साह्रै घतलाग्दो रूपमा देखिन्छ, रमाइलो पनि लाग्छ ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । खुसी शीर्षकको लघुकथामा मलाई तिम्रो साथ चाहिदैन । मसँग मेरो खुसी छ भनेर निकै खोज्दै थियौ त । खोइ त तिम्रो खुसी आएको ? भनेर वसन्तले लेखेका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार वसन्तले मनन गरेका छन् ।

हविगत शीर्षकको लघुकथामा यो के गरेको रहर तिमीले ? अहिले म नभइदिएको भए के हुन्थ्यो ? यसरी आत्महत्या गर्नु त ठिक भएन नि । रहर चुपचाप जमिनमा पल्टिराख्यो केही बोलेन भनेको छ । यसभित्र ५४ वटा लघुकथा गाँसिएका छन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । राजनीतिक, विसङ्गति, सामाजिक बिडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनियता, सांस्कृतिक विचलन जस्ता कुराहरूमा वसन्तका लघुकथाहरूले व्यङ्ग्य गरिएका छ । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ । सिर्जनामा हुनुपर्ने गुण लघुकथामा रहेका छन् ।

लघुकथा आख्यान विधा भएकाले यसको लेखनमा स्रष्टा सचेत हुनुपर्छ । स्रष्टाले लघुकथा लेखनका लागि समाजमा घटेका घटनाहरूको सूक्ष्म निरीक्षण गरेर, इतिहास, पुराण वा मिथक वा आफैले गरेको कल्पनाबाट प्राप्त गर्छ । यसरी कथाकारले लिने कथानकको स्रोत जे भए पनि लघुकथा लेखनमा प्रयोग हुने कथानकमा भने विशेष ध्यान दिन जरूरी छ ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ । धान दिवस शीर्षकको लघुकथामा नातिनीले चिया खाजा खान थाल्दा म पुनः टी.भी. हेर्न थाले । टी.भी. ले असार पन्ध्र अर्थात् राष्ट्रिय धान दिवसका दृष्यहरू देखाइरहेको थियो भनिएको छ । नेपाली समाजको चित्रण चित्ताकर्षक लाग्छ ।

तोया गुरू शीर्षकको लघुकथामा तोया गुरू भन्नेबित्तिकै सबै विद्यार्थी थुरथुर हुन्थे । साह्रै सशक्त र कडा मिजासको हुनुहुन्थ्यो उहाँ । उहाँको कक्षाको घण्टी बज्नेबित्तिकै मनमा एक किसिमको त्रास उत्पन्न हुन्थ्यो भनिएको छ । मान्छेजात्रा शीर्षकको लघुकथामा आमा ! आमा मान्छेले तिमीलाई सिँगारेर यो के गर्न आँटेको ? बाच्छीले आत्तिदै गाईको कानमा भनी भनेर वसन्तले लेखेका छन् । लेख्नेकला बिछट्टै राम्रो देखिन्छ ।

उनले लेखेका लघुकथामा व्यङ्ग्यचेत प्रखर भएर आएको देखिन्छ । समाजका बिसङ्गति-असङ्गति तथा विकृति माथि व्यङ्ग्य प्रहार गर्नु प्रमुख अभिध्यय रहेको छ । प्रस्तुत लघुकथा सङ्ग्रहका देश, काल र परिस्थितिहरू समसामयिक समाज मैत्री परिवेश रहेका छन् । चरित्रहीन शीर्षकको लघुकथामा सहर पढेर आएको छोरालाई जति बिहे गर भन्दा पनि नमानेपछि दिक्क भएका उमेशका बुबाआमाले मलाई देख्नेबित्तिकै गुनासो पोख्नुभयो भनेर वसन्तले लेखेका छन् । यो समाजमा घटेका र घट्ने घटनाक्रम पनि हुन् ।

प्रस्तुत लघुकथासङ्ग्रहका देश, काल र परिस्थितिहरू समसामयिक दैनन्दिन जीवनको समाजमैत्री परिवेशमा आधारित रहेका छन् । सामाजिक आदर्श चेतको स्थापनाका लागि यथार्थ जीवनको घटना र पात्रीय सन्दर्भको आदर्श कथनलाई लघुकथाहरूले यथार्थको झल्को दिनेछन् । खरिदार शीर्षकको लघुकथामा छोरोलाई विद्यालय छोड्न जान तयार हुँदै थिएँ । छोराले अप्रत्याशित जिज्ञासा राख्यो भनिएको छ । बालसुलभता पनि हो यो ।

यस सङ्ग्रहभित्रको निर्णय शीर्षकको लघुकथामा विदेशी फोनकर्तासँग उसको फोनमै सौदाबाजी चलिरहेको थियो । फोनकर्ताले घटाउने प्रयत्न गऱ्यो भनिएको छ । कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । अर्थात् लघुकथा कथाको संक्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार वसन्तको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने बाचा गरेको छु ।

कृति: नेपाली नस्ल (लघुकथासङ्ग्रह)
लेखक: वसन्त अनुभव
प्रकाशक: नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन
संस्करण: प्रथम, वि.सं. २०८० चैत
मूल्य: रू.३३३/- पृष्ठ: १२०

सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

मानव बेचबिखन पनि सह्य

जेठ ३० गते संसदमा ठूला दलहरूको नैतिकताको स्खलन भएको जुन दृश्य देखियो, त्यसबाट नेपालमा मानव बेचबिखन पनि स्वभाविक हुनपुगेको छ । जब मन्त्रीले नैतिकता देखाउँदैनन् र अनेक प्रमाणका बाबजुद संसदमा ठूला दलहरूले त्यसलाई सामान्य रूपमा लिए, त्यसबाट नेपाल फेरि पनि दण्डहीन, भ्रष्ट मुलुक हो भन्ने प्रमाणित हुनपुगेको छ । केही वर्ष अघि बिकिनी किलर भनेर विश्वमा बदनाम चार्ल्स शोभराजले नेपालको एयरपोर्टबाट हात्ती पनि छिराउन सकिन्छ भन्ने प्रतिक्रिया दिएका थिए, भिजिट भिसाका नाममा देशी, विदेशी मानव बेचबिखन र अपराधीलाई उडाउनु ठूलो कुरा भएन । यो घटनाले नेपालको सुरक्षा बन्दोबस्तमा गम्भीर प्रश्न उठाएका छ । यो घटनाले कानुनव्यवस्थाको बेहाल स्थिति देखाएको छ ।

एयरपोर्टको अध्यागमनले सेटिङमा भिजिट भिसाका नाममा मान्छे उडाएबापतको घूस बाँडफाँटका लागि कर्मचारीले सफ्टवेयर नै प्रयोग गरेको खुलासाले संगठित अपराध कति ताकतवाला भइसकेछ भन्ने देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दश पटक गृहमन्त्रालयलाई पत्र लेखेर सचेत गराए पनि गृह मन्त्रालयले मनखुशी कर्मचारी पोष्टिङ गर्ने, फसिएला भनेर सरूवा गर्ने, अनेक प्रपञ्च गरेको खुलेको छ भने पछिल्लो समय अनियमितता चरम विन्दुमा पुगेकै कारणले अख्तियारले छापा मारेको, पक्राउ गरेर बयान लिएको थियो । अख्तियारका अधकिारकै अनुसार सफ्टवयर प्रयोग गरेर घूस बाँडफाँड गरेको बारे पहिले हामीलाई विश्वास लागेको थिएन, तर पछि धेरै कर्मचारीहरूले त्यसको पुष्ट्याइँ गरेको बताए । अख्तियारले अपरेशन गर्न तैयारी गरेको सूचना पाएपछि गृहमन्त्री रमेश लेखकले विमानस्थल अध्यागमनका प्रमुख सहसचिव तीर्थ भट्टराईको आकस्मिक सरूवा गरेका थिए । अचम्म त के छ भने घूस बाँडफाँड गर्न घुस्याहहरूले समिति नै बनाएका थिए । यो तहको एयरपोर्ट भ्रष्टाचारमा मुछिएका गृहमन्त्रीले जेठ ३० गते संसदमै कुर्लिएर बोले- मैले भ्रष्टाचार गरेको छैन । अख्तियारले छानबिन गरिरहेको छ ।

भिजिट भिसाका नाममा सयौं भारतीय र बंगलादेशलाई पनि उडाएको देखिएको छ । डेढ वर्षयता यूएई, साउदी अरब भिजिट भिसामा पठाउन ५० देखि ७५ हजार यूरोप जानेसँग ३ देखि ४ लाख प्रतिव्यक्ति लिने गरेको खुलेको छ । गृहमन्त्रीका विश्वासपात्र सहसचिव भट्टराईले आफूखुशी पनि मान्छे पठाएर खान थालेपछि कर्मचारीमा असन्तुष्टि बढेको खुलासा पनि भएको छ । अख्तियारका अधिकारी भन्छन्- भिजिट भिसा भ्रष्टाचार डरलाग्दो घटना हुनपुगेको छ । यो घटनामा मुख्य दलालका रूपमा ग्रिनल्याण्ड ट्राभल्सका बालकृष्ण खड्काको सम्बन्ध देखिन्छ । अनुसन्धानवाला भन्छन्- एकमुष्ठ संकलन गरिएको रकमलाई २० भाग लगाएर त्यसमध्ये १० भाग माथिल्लो तहलाई लगाउने गरेका थिए । सहसचिवभन्दा माथिल्लो तह भनेको को को हुन्, त्यो अनुसन्धान नहोस् भनेर राज्यले छोपछाप पारेको छ ।

भनिन्छ, नेकपा स का अध्यक्ष माधवकुमार नेपाललाई पतञ्जलीलाई सस्तोमा जग्गा दिलाएर महगोमा प्लटिङ् गर्न बेचेको आरोपमा अख्तियारले मुद्दा दायर गरेर उनेको राजनीतिलाई नै धरापमा पारेपछि अब सर्वोच्चले माओवादीका नेता अग्नि सापकोटालाई टार्गेट बनाएको र प्रचण्डमाथि पनि क्यान्टोनमेन्टको घोटालाको फाइल खोलिने भित्री दबाबका कारणले माओवादी एयरपोर्ट भ्रष्टाचार काण्डमा सत्तापक्षलाई सहयोग गर्न झुकेको देखिन्छ । यस्तै प्रतिकृया संसदमा रास्वपाका मनिष झा र राप्रपाका राजेन्द्र लिंगदेनले बहादुरीका साथ माओवादी पछि हटेको तर्क गरेका थिए । तीन ठूला दल मिलेपछि ३० गतेको संसद बैठकमा प्रतिपक्षका रूपमा मानव बेचबिखन गर्नेलाई कारवाही गर्न र गृहमन्त्रीको राजीनामा माग गर्नेमा रास्वपा र राप्रपामात्र देखिए । सभामुखले बिरोधका बाबजुद संसद अघि बढाएका थिए ।

सहसचिव भट्टराई मुख्य आरोपी हुन् । उनले मुख खोले भने भ्रष्टहरूको आन्द्राभुँडी देखिने भयले गृहमन्त्रीलाई बचाइयो, गृहमन्त्रालयले नै छानबिन गर्ने भनियो । अख्तियारका प्रमुखमाथि प्रधानमन्त्रीका सहयोगी भन्ने आरोप छ । अदालतले ५२ जना संवैधानिक पदको नियुक्तीका बारेमा फैसला सुनाउने विषय समेत असार १८ सम्म सरेको छ । यो सर्नुमा पनि तीन दलको संसदमा भएको बहुमतको बाहुबली चलेको चर्चा व्यापक सुनिन्छ । अर्थात् संगठित भ्रष्टाचार राजनीति बन्यो ।

विवेक मरेपछि मृत्युघण्ट बजेको पनि सुनिन्न

वीपी कोइरालाले २००३ असोज १६ गते भारतको पटनाबाट प्रकाशित हुने द सर्च लाईट पत्रिका मार्फत भारतमा रहेका नेपालीहरूलाई सङ्गठित गर्न आह्वान गरियो र कात्तिक १५, २००३ मा बनारसमा देवि प्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्गेस नामक संस्थाको स्थापना भयो । माघ १२ र १३ गते पहिलो महाधिवेशन गरियो । यही हो वर्तमान नेपाली कांग्रेसको जग ।

कांग्रेस नेपालको पहिलो र ठूलो समाजवादी-लोकतान्त्रिक पार्टी हो । २००६ चैत २७ मा नेपाल राष्ट्रिय काङ्गेस र नेपाल प्रजातान्त्रिक काङ्गेसको एकिकरण भएपछि यो झन ठूलो पार्टी बनेको थियो । कांग्रेस भन्छ- कृयाशील सदस्य १० लाख छन् । विवेकमा छन् त ?

२०३९ साउन ६ गते वीपी कोइरालाको निधन भएपछि कांग्रेसमा नीति र वैचारिक धरातलमा पहिरो जान थालेको हो । २०८२ मा आइपुग्दा कांग्रेस ठूलो पार्टी त छ तर काँधमा भ्रष्टाचार र भ्रष्ट अवसरवादी कम्युनिष्टलाई बोकेर समाजवादको कुन लक्ष्यतिर लागेको छ, कुहिरोमा फसेको कागजस्तो लाग्छ ।

नेपाली वर्णपटलाई पल्टाउँदा देखिन्छ- २००७ सालमा नेपाली कांग्रेसले प्रवासबाट लैनछोकडा ल्यायो र तिनलाई बन्दुक बोकाएर मुक्तिसेनाको नाम दियो । राणाको प्रहरी रामदल र कांग्रेसको मुक्तिसेना मिलाएर पहलसिंह लामाको नेतृत्वमा प्रहरी संगठन खडा गरियो, जुन आजको नेपाल प्रहरी हो । यो नेपाल प्रहरी सत्य सेवा सुरक्षाको मन्त्र बोकेर हिडेको छ तर नेपाल प्रहरी देशको कम राजनीतिक पार्टीको आदेश र निर्देशनमा बढी चल्ने गरेको छ । प्रहरीलाई राजनीतिकरण गरिएको छ । जता पनि राजनीतिकरण, जता पनि अनैतिकता, पार्टीहरूमा नीति, सिद्धान्त, देश र जनताप्रति जवाफेहीता नहुँदा कांग्रेसमात्र होइन, कम्युनिष्टसमेत जनताको विश्वासमा घात गर्ने पार्टी हुन् भन्ने स्थिति छ । जनविश्वास बाँकी छैन ।

कांग्रेसले भ्रष्टाचार अँगाल्दा र सिद्धान्तमा अड्न नसक्दा बामहरूको शोषण र बाहुबलीतन्त्र बढेर गएको छ । हामी गरीब छौं, गरीव राख्नकै लागि उद्योग बेच्ने, उद्यम नखोल्ने, रोजगारीमा पार्टीकरण गर्ने र युवा विदेशलाई बेच्ने नीति राष्ट्रिय नीति बन्नपुगेको छ । यो दुर्भाग्य हो परिवर्तनको ।

गरीबी कम्युनिजमका लागि उर्बर भूमि हुनेरहेछ । यो उर्बराको अधिकतम शोषण गरेर नै कम्युन्यालिष्टहरू कम्युनिजमको खेती गर्दा रहेछन् र स्वार्थको बाली भित्र्याउँदा रहेछन् । जनमत संङ्ग्रह गर्दा कम्युनिजमले काम गऱ्यो, हो, बहुदलले जित्न सकेन । तर १२ वर्षभित्रै सडक आन्दोलन भएर दलमाथिको प्रतिवन्ध फुकुवा भयो, सडक आन्दोलनमा प्रजातन्त्रवादीले भन्दा प्रभावकारी आक्रोश वामपन्थीकै थियो । १० वर्षे जनयुद्धमा वामपन्थीले गरीबहरूलाई बन्दुक बोकाए, ०६२-६३ सालको जनआन्दोलनमा पनि वामपन्थी नै हावी भए । राजतन्त्रको अन्त्य, हिन्दुधर्मको बिनास, लोकतन्त्रको नाममा लूटतन्त्र चलाउन कम्युनिष्टहरू अग्रपङ्तिमा देखिए । बहुदलपछिको ३७ वर्ष र लोकतन्त्रको १८ वर्ष कम्युनिष्टकै रजगज गर्ने समय देखिन्छ । यो समयमा कम्युनिष्टले आफूले आफैलाई नवसामन्तवादको बादशाह बनाए । कम्युनिष्टभन्दा के कम भनेर कांग्रेसले पनि गर्नुसम्मको भ्रष्टाचार गरेका छन् । जब विवेकशून्य हुन्छन्, बादशाहहरू नाङ्गिएको पनि चाल पाउँदैनन् ।

२०५२ सालमा सुरू भएको जनयुद्ध १० वर्ष चल्यो । जनयुद्ध हाँक्ने कमाण्ड, हाइकमाण्डले १८ वर्ष राजनीतिको निर्णायक नै बन्न भ्याए । त्यसो त २०२८ सालतिर जनवादी विद्रोह गर्ने झापा आन्दोलनकारीका एक नाइके केपी ओली चौथोपल्ट प्रधानमन्त्री बन्न सफल भएका छन् । प्रचण्ड र ओली, यी दुबै कम्युनिष्ट थिए र दुबै वामशक्ति मिलेर नेकपा बनाए, फुटे, दुबैले प्रजातन्त्रवादीलाई आलोपालो टेको बनाउन सफल भए । आफूलाई कम्युनिष्ट भन्ने यी दुबैले नेपाली कांग्रेसको ढाडमा टेकेर राष्ट्रवाद र प्रजातन्त्रको टाउकोमा पटक पटक हम्मर हान्न सफलता हासिल गरे ।

हुन त नेपालमा कम्युनिष्ट छैनन्, नाममात्र छ । नवसामन्त बनेकाले यिनले बिर्सिए- नक्सलवाडीका कम्युनिष्ट नेता चारू मजुमदारले कार्यकर्ताले पुँजीवादी चोला फेरे भनेर रूखमा झुण्डिएर मर्नुपऱ्यो । चीनका राष्ट्रपति सीजिन पिङले खुला अर्थनीति अँगालेर चीनलाई विश्वशक्ति त बनाए, तिनै सीजिन पिङले नेताका सम्पत्ति सबै राष्ट्रको हुने घोषणा गरेका छन् र बेलायतमा नाम चलेका नेपाली प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बृटिस दृष्टिमा कम्युनिजम विश्वमा असफल शिद्ध राजनैतिक व्यवस्था हो । अर्थात कम्युनिष्ट सपनामा भुलाउने गफ हो, राष्ट्रवाद बलियो पार्ने अभियान होइन । नेपालमा यो कथन ठ्याक्कै मिल्छ ।

२०४६ सालको परिवर्तनपछि चुनाव कांग्रेसले जिते पनि देशै राताम्मे देखिएको थियो । सूर्यअंकित झण्डा जनआन्दोलन सफल भएको २०६३ वैशाख ११ गते विहानसम्म कतै थिएन । थियो त रूखका हाँगा र माओवादी लडाका तथा समर्थकका सलह पंक्ति थियो । मंसिर ५ गते शान्ति सम्झौता गर्ने दिनसमेत सूर्यअंकित झण्डाको रङ् कतै कतै मात्र थियो । राजतन्त्रको निर्णय जनमत संग्रहबाट हुनुपर्ने एमालेको अडान एकाएक आकाशवाणीको निर्देशनमा बदलियो र गणतन्त्र कार्यान्वयन सम्भव भएको हो । गणतन्त्र कार्यान्वयन प्रस्ताव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानसभामा पेश गर्न सकेनन्, उनले खेताला पठाए कृष्णप्रसाद सिटौलालाई जो चुनाव हारेका कांग्रेसी थिए । कसको आदेशले ? यसबारेको रहस्य बाँकी नै छ ।

परिवर्तन भयो, परिवर्तनले कांग्रेस कम्युनिष्टलाई बैकुण्ठ दियो, देश र जनतालाई तमासे बनाइयो ।

०६४ सालको बहुमतको माओवादी ३२ सिटे हुनपुगेको छ । संगठन बलियो पार्न सकेको कारण एमाले होसमा छ, बाँकी पार्टीहरू भुरे टाकुरे हुन् । नयाँलाई ढिम्किनै नदिने कांग्रेस, एमालेले सानालाई मुद्दा मामिलामा अल्झाउने र जेलमा सडाउने नीति लिएका छन् ।

शक्ति बन्दुकको नालबाट निस्कन्छ, संसद भनेको बोकाको टाउको देखाएर बाख्रीको मासु बेच्ने थलो भन्ने कम्युनिष्टले त्यही कथनअनुसार स्थानीयदेखि राष्ट्रियतहसम्म एकछत्र शासन गरिरहेका छन् । २०१५ सालको चुनावमा ४ सिटे कम्युनिष्टहरू गुट फुटमा भए पनि अझै प्रभावशाली नै देखिन्छन् । यो सबै गरीबीका कारणले हो । सत्यको चेतना छ, गरीबीका कारण जनता कम्युनिष्ट पार्टीका लहरमा गाँसिन छाडेका छैनन् । बुद्धिजीवी र संचेतन बर्गमा बिबेक हराएको छ, अवसरवादी हावी भएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा कम्युनिष्टको जित, कम्युनिष्टको दबदबा । यो आश्चर्यको परिदृश्य हो । नेपालको कम्युनिष्टतन्त्रको निरन्तरता देखेर सारा विश्व चकित छ । कम्युनिष्टले कांग्रेसलाई साथ लिएर लोकतन्त्रका नाममा निरंकूशता, परिवारवाद, व्यभिचारवाद, राजनीतिक अपराधिकरण, भ्रष्टाचारको साम्राज्य चलाइरहेका छन् । यो कदापि गणतन्त्र होइन ।

हो प्रश्न छ- नेपालका कम्युनिष्ट सामन्तजस्ता छन् । को छ कम्युनिष्ट ?

कम्युनिष्टहरू जुकाको जस्तो भ्रष्टाचारी पित्ले, घ्याम्पे भुँडीवाल बनेका छन् । एनजीओदेखि बैंकरसम्म, स्कूलदेखि युनिभर्सिटीसम्म, स्वास्थ्यदेखि जलस्रोतसम्म, सञ्चारदेखि सेयरबजारसम्म, राज्य र समाजका सबै सञ्जालहरूमा कुनै खन्चुवा, भ्रष्ट, दलाल, पदीय दुरूपयोग गर्ने र नीतिगत भ्रष्टाचारमा चुर्लुम्मै डुबेका व्यापारीजस्ता छन् । अव त सुनतस्करीदेखि माफियासम्म, डन र दस्ता खडा गरेर कमाउ अभियानमा लागेका र कुनियत, अस्लिल कृयाकलापमा समेत कम्युनिष्ट जोडिन पुगेका छन् ।

यसकारण प्रश्न उठेको हो- नेपालमा को छ र कम्युनिष्ट ?

कम्युनिष्ट सर्वहारावादी भनिन्छ, सम्पत्तिवाला यिनै बनेका छन् । २०४६ सालपछि भ्रष्ट कांग्रेस अथवा मधेसी नेताहरूमात्र होइन, सबैभन्दा भ्रष्ट त कम्युनिष्टहरू पो रहेछन् । यसले के देखाउँछ भने राजनीति तस्करतन्त्र हो ।

सर्वहारा बर्गको नारा लगाउने, समानताको कुरा गर्ने, अग्रगमन भनेर नथाक्ने, लोकतन्त्र, गणतन्त्र भट्याइरहने कम्युनिष्ट चटकेजस्ता छन् । जो असलमा कम्युनिष्ट नेता थिए, मोहनचन्द्र अधिकारी । उनी त माँगेर हिड्न बाध्य छन् । रूद्राक्षका गेडा गनेर श्रीकृष्ण भन्न थालेका भेटिन्छन् । कुनै नेतालाई उनको मतलव छैन ।

अन्य कम्युनिष्ट भनिनेहरू कम्युनिष्ट करोडीमल हुन्, अरवका शेख हुन् । करोडीमल र शेखको सोच राष्ट्रिय गौरव, गरीव, किसान, मजदुर, महिला, सिमान्तकृत बर्ग, दलिततिर होइन, स्वार्थ र सत्तामा बढी हुनेगर्छ । जव जनता जनता जोड्न सकिन्न, त्यो देशको आधार जहिले पनि बालुवाको ढिस्को जस्तो हुनेगर्छ । यी कम्युनिष्ट करोडीमल, शेखहरूले राज्यसँग १ सय २६ जातिलाई जोड्ने होइन, यिनलाई फोडेर यिनको हक खोस्ने, भोट बैंक निर्माण गर्नतिर नै लागिरहेको देखिन्छ । धर्मनिरपेक्षता र संघीयत यिनको अर्को देखाउने धन्दा हो ।

यस्ता नेताहरू आफूलाई कम्युनिष्ट भन्छन् । भएका उद्योग बेच्ने, राज्यसम्पत्तिमा माफियाकरण गर्ने, विधिमाथि हैकम चलाउने, युवा निकासी गरेर रेमिटान्समा ढलीमली गर्ने, यस्ता पनि कम्युनिष्ट ? चीन, भियतनामबाट सिक्ने भए जनताले धेरै अवसर दिएकै हुन्, समाजवादका लागि कालजयी निर्णय गरेर महाथिर बन्ने मार्ग कुनै नेताले लिएनन् । नेपालमा कम्युनिजम हाटहुट, लाटलुट, चाटचुट मात्र हो । भ्रम छर्न खप्पीस छन् कम्युनिष्टहरू । पानीजहाज, हावाबाट विजुली, १० वर्षमा देशै स्वर्ग बनाउने कुरा । अग्रगमन, गणतन्त्र, समानता र समृद्धिका कुरा । हावा कुरा हुन् ।

व्यवहार समाजविरोधी देख्नेहरू, बुझ्नेहरू भन्छन्- अलि हजम भएन ।

हुन त पागलको नाम बुद्धिबहादुर, नेत्रहीनको नाम नेत्रबहादुर राख्ने देश हो यो । जो कम्युनिष्टजस्तो छैन, कम्युनिष्टजस्तो केही छैन, ती नेता कम्युनिष्ट नेता, पार्टी नेकपा ।

कुनै पार्टी वा नेता नीतिमा अडेनन्, जनविरोधी काम गऱ्यो, आफैमा बिभाजन भयो, स्वार्थ मिल्नेभए हातेमालो गऱ्यो । कांग्रेस वा अन्य लोकतन्त्रवादी पार्टीसमेत कम्युनिष्टजस्ता देखिन पुगे । यो समाजवाद, प्रजातन्त्रवाद अथवा कम्युनिष्टतन्त्रको जीत होइन, स्वार्थी र अवसरवादी अपराधतन्त्र मात्र हो ।

संविधान लोकतान्त्रिक छ, पद्धति लोकतान्त्रिक हो । कमाण्डमात्र अवसरवादी बन्यो । अवसरवाद र चरित्रहीनताले देशको दिशा दिन सक्दैन ।

देश दिशाहीन छ, गणतन्त्र गणविरोधी छ, लोकतन्त्र भ्रष्ट बन्यो ।

भारतले सिक्किम खानका लागि महारानी होप र लेण्डुप दोर्जीको हतियार चलाएको थियो । विदेशीको चाप्लुसी राजनीतिका कारण नेपालको राजतन्त्रात्मक इतिहास मेटियो । हिन्दुधर्म मेटियो । कम्युनिष्टको यो जीतका पछाडि पराईको कुनै ग्र्याण्ड डिजाइन त छैन ? किनभने जनादेश नै नलिई हिन्दुधर्म र राजतन्त्र सिध्याउने काम यिनैले गरे । विदेशीको सहयोगमा आतंकवाद मौलायो, विदेशीको इसारामा जनआन्दोलन गराइयो, विदेशी पैसाले संविधान लेखियो, चुनाव गराइयो, जित्नेले जिते, अर्काकै भर र स्वार्थमा शासन चलाउने काम भएको छ । नेमकिपाले संसदमा उठाएको एउटै प्रश्नमा नेपालको लोकतन्त्र गणतन्त्रको अनुहार देखिन्छ- हामीले खाने संसदीय खाजा, भातमा कुन दातृसमुदायको सहयोग छ ?

यो प्रश्न होइन, देशको अस्तित्व मेट्ने मृत्युघण्टा बजेको हो । हामीले विवेक मार्ने हो भने नेपालको अस्तित्व कसरी बच्छ, कतिदिन बच्छ ?



शिक्षण संस्था कि राजनीतिक कारखाना



सुरेशकुमार पाण्डे

शिक्षण संस्था कस्तो बनाउने ? यसबारेमा भन्नुपर्दा शिक्षा सबैको लागि अनिवार्य सर्त हो । तर के किताब पढेर मात्र शिक्षा मिल्छ त ? यदि हाम्रो बिचार त्यस्तो छ भने त्यो गलत बिचार हो । अहिले संसारभरमा आफ्ना बालबालिकालाई चौतर्फी शिक्षा दिंदै आएका छन् । हामीले पनि आआफ्ना बाल बालिकालाई यस्तै खालको भरपर्दो र उच्चस्तरको शिक्षा दिन सक्नुपर्छ ।

यसका लागि सरकारको आदेश नै कुर्नु पर्दैन । सरकार भनेको समाज नै हो र समाज भनेको अभिभावक पनि हो । हाम्रो सम्बन्ध समाजसँग अटुट् छ र सरकार पनि हामिले नै बनाएका हौं । त्यसकारण समाजभित्रका समस्याहरूको निदान गर्ने जिम्मा हाम्रो पनि हो र हुनुपर्छ । आधारभूत विद्यालयको बातावरण, व्यवस्थित् पार्ने जिम्मा हामी सबै अभिभावक र गाउँ टोल समाजको हुन्छ । अहिले निजीकरणको प्रतिस्प्रधा छ । निजी विद्यालयहरू सँग बिभिन्न श्रोत साधन छन् । आर्थिक स्तर राम्रो छ । जिजी स्कुलको आर्थिक अवस्था राम्रो छैन भने त्यसको भविष्य पनि छैन ।

यस्तो जटिल परिवेशमा सरकारी सम्पत्तिको रूपमा रहेका हाम्रा विद्यालयहरूलाई कसले जोगाउँने र कसरी संवर्द्धन गर्ने ? यो गम्भीर सवाल हो ।

सरकारी स्कुलहरूमा स्टाफ छैनन्, अनि वाहान पनि छैनन् । एकजना प्रअलाई जिम्मा दिएर सरकारको जिम्मेवारी पुरा हुनसक्दैन । सरकारको नीति कस्तो छ भने बिना हतियार लडाइको मैदानमा पठाएर विजयको कामना गर्नु जस्तै छ ।

एकातिर निजी विद्यालयहरू धमाधम खुलायो एउटा सरकारी स्कुललाई व्यवस्थित गराउन नसकेर कयौं निजी स्कुलहरूलाई स्विकृती दिएको छ । यस्तो अवस्थामा सरकारी स्कुलले कसरी उनिहरूसँग प्रतिस्प्रधा गर्ने ? सरकारको निजीकरण गर्ने मनसाय छ; भन्ने कुरा उसले अप्नाएको व्यवहारले पुष्टी गर्दै आएको छ ।

त्यो सरकारको नियत प्रष्ट हुँदाहुँदै । अब हामिले के गर्ने त ? पढेलेखेका युवाहरू लोकसेवा पास गरेर सरकारी जागिर पाउने आसमा निरन्तर हुन्छन् । त्यो जागिर कहाँ छ ? आ-आफ्ना छोरा छोरी बोर्डिङ्गमा पठाएर सरकारी नोकरीको आश गर्नेहरू अब त्यो आशा नगरौं । किन की सरकारी सम्पत्ति नै रहेन भने केका लागि ?

देशभित्रका स्कुलहरू झरझर अवस्थामा छन् । पानीको ठिक व्यवस्था छैन, पंखा, बस्ने वेञ्च कुर्सिको अभाव छ । खेलकुदको लागि ग्राउण्ड छैन, भवन चन्दा काटेर निर्माण गरिन्छ । कुनै प्रमभावसालि राजनैतिक पार्टीको संगठनलाई करोडौं धन खर्चेर उनिहरूको भवन निर्माण गरिन्छ । कतै पुलको व्यवस्था छैन् तर पनि सरकारको पैसा दुरूपयोग हुँदै आएको देखिन्छ ।

नेताहरूको भाषनमा जतिसुकै गफ हाँके पनि अहिले देशमा सरकारको लागतमा रेल, पानी जहाजका त कुरै छाडौं एउटा बस पनि चल्दैन । कुनै कारखाना पनि देखिदैन । केही थोरधेर भएका पनि निजी व्यक्तिको हातमा दिएर सरकार ढुक्क छ । नगरपालिकाले फोहोर उठाउन पनि ठेकेदारलाई दिइन्छ ।

कुनै दिन प्रदेश सरकार र संसद समेत विदेशीलाई ठेक्का दिने हो की ? त्यो सहजै भन्न सकिदैन । सरकारको व्यवहारले शङ्का उब्जाएको छ ।

अब पढे लेखेका युवाहरूले फोहोर उठाउने ठेक्का लिन पनि गारै छ । विदेशमा रोजगारको लागि चोरबाटबाट गएर जेलमा बन्द भएर आफ्नो जमानत गराई त्यो केस चल्दासम्म ट्रपम्पको दया र मायाँमा उनिहरूको देशमा भान्से काम पाएका छन् । तिनै मध्यका नेपाली युवाहरूलाई अमेरिकाको सरकारले फिर्ता पठाइरहेको छ ।

अब नेपालीहरूको लागि खाडी मुलुकमा पचास डिग्रीको तापमानमा भेंडा र उँट चराउने ग्वालेको काम गर्दै आएका पनि शुरक्षित छैनन् । उनीहरू कुनवेला प्राण त्याग्ने खबर आउने हो अनिश्चित छ । आ आफ्ना परिवारको भरणपोषणका लागि नागरिकहरू प्राण हत्केलामा राख्दै आएका छन् । पढे लेखेका युवाहरू आउने दिनहरूमा नेपालमै हामिले बसने हो भने बस्नसक्ने बातावरण बनाउनै पर्छ । त्यस्तो बातावरण बनाउन आजैदेखि हामी जुटौं । सरकारी नोकरी पाएका सबै र जनप्रतिनिधी बनेका वार्ड देखि संसदसम्मका अभिभावकले आआफ्ना बालबालिकालाई सरकारी स्कुलमा भर्ना गराउँ । यो अहिलेको आवश्यकता हो भन्ने मलाई लाग्छ ।

अहिले निजी स्कुलमा भन्दा राम्रो पढाई सरकारीमा हुँदै आएको छ । निजी स्कुलमा अध्ययन गर्ने बालबालिकाहरू पनि ट्यूशन धाएको देखिन्छ ।

थोरै पैसामा नाम मात्रको शुल्क त्यो पनि गरिब असहाय बालबालिकाहरूलाई बिभिन्न दाताहरूको सहयोगमा कतिपय स्कुलहरूमा निशुल्क पनि अध्यायन गर्ने व्यवस्था बन्दै आएको छ । सरकारी मास्टरहरू अर्थात कर्मचारीहरूलाई बालबालिकाहरू फेल भए कतैबाट सिकायत आयो भने भोली बद्नाम होला नोकरी छुट्ला भन्ने डरले पनि उनिहरू सचेत हुन्छन् । अहिले पहिलेको भन्दा सरकारी स्कुलहरू व्यवस्थित हुँदै आएका छन् । पहिले स्कुलमा राजनैतिक माहोलले भद्रगोल थियो तर अहिले मास्टरलाई त्यसबारे थोरधेर सचेत पनि भएका छन् ।

हामीले हाम्रो पालिका भित्र केही स्कुलहरूलाई नमुनाको रूपमा लिन सक्छौं ।

खास गरेर श्री आधारभूत विद्यालय गिठेपानीलाई उधारणको रूपमा लिन सकिन्छ । अहिले केही वर्ष यता यो स्कुलको व्यवस्थामा व्यापक सुधार हुँदै आएको छ ।स्कुलका प्रअ लगायतका स्टाफहरूको राम्रो व्यवहार । स्कुल व्यवस्थापकले विद्यार्थिहरूको भविश्यको खयाल राखेर पाठ्यापुस्तकमा मात्र होइन उनिहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य लेखन अध्ययनका लागि स्कुलमा लाइब्रेली साथै योगा समेतको निशुल्क प्रशिक्षण आदिको व्यवस्था गर्दै आएको छ । जसलाई नमस्ते स्वास्थ अभियानका अध्यक्ष मातृका प्रसाद पाण्डे, सचिव बसन्त भट्टराईको पहलमा *राधाकुञ्ज योग साधना*की सयोजक ए बी भट्टराई द्वारा प्रभावशाली रूपमा चलाइयो । अमूल्य समयलाई थाँती राखेर योग सञ्चालन गर्ने योग गुरू पशंसनीय छिन् ।

उहाँहरू विद्यार्थीको सर्वाङ्गिय विकासको लागि लगातार अथक रूपमा लाग्नु भएको छ । यत्तिले मात्र प्राप्त हुनेवाला छैन । स्कुलको सर्वाङ्ग्ये विकासको लागि सरकारलाई पनि वेलबखतमा घचघचाउँनै पर्छ र स्कुलमा ध्यान पुराउन दबाव दिनुपर्छ । अहिले स्कुलको भवन निर्माण हुदैछ, त्यो भवन पछि कम्पुटर रूमहरूमा पंखाहरू वेञ्च र अन्य आवश्यक उपकरणहरू पनि खाँचो पर्ने हुन्छ ।

बालबालिकाहरूलाई किताबको भारि बोकाएर मात्र पनि उनीहरूको भविष्य बन्दैन । वेला वेलामा खेलकुद, हाजिरी जवाफ प्रतियोगिता, भलिबाल टुर्नामैन्ट, फुटबाल, कपर्दी, दौड, हाईजम्प, लाँगजम्प, रसाकसी लगायतका खेलहरूको समेत आयोजना गर्नुपर्छ । योगका साथै अतिरिक्त क्रियाकलापले बौद्धिक विकास हुन्छ ।

यसका लागि नजिकमा खेल ग्राउण्डको आवश्याकता पर्छ । विद्यार्थिहरूलाई राष्ट्रको बारेमा देशमा हिम शिखर, सगरमाथा जस्ता अग्ला हिमालय, ताल र समग्र देशको बारेमा चिनाउन प्रयास गर्ने । बौद्धको बारेमा र देशको भाषा संस्कृत, पोषाक आदिको बारेमा जानकारी गराउने खालका पाठ्यपुस्तकहरू तैयार पार्नुपर्छ । सरस्वतिको पुजा गरेर मात्र विद्या आउँदैन । आधुनिक विज्ञानशिक्षा दिनुपर्छ ।

बालबालिकाले अध्ययन गर्ने ठाउँ अर्थात शिक्षण संस्था वरिपरीको बातावरण पनि स्वच्छ हुनुपर्छ । अचेल मोबाइलको लत पनि बालबालिकाहरूको भबिष्यको बाधक बनेको छ । स्वस्थ शिक्षा दिनुपर्छ । पुस्तकशिक्षा र रोचक बाल साहित्य र खेलकुदले त्यो रिक्तता पुरा गर्नसक्छ । शिक्षाको व्यापकता बुझाउनुपर्छ ।

देशभरिका सरकारी स्कुलहरूमा आधारभूत स्तरसम्म आफ्नो भाषा संस्कार, भेषभुषाको बारेमा जानकारी गराउँनुको साथै उनिहरूमा देशभक्ती भावनाको विकासमा जोड दिनुपर्छ । यसका लागि हाम्रो देशको सिमाना र हाम्म्रा अमूल्य धरोहर बिभूतिहरूको जानकारी अनिवार्य सर्त हो ।

यो सबै नीजि स्कुलमा समेत दवाब दिनुपर्छ । मम्मी डैडी भन्दा पनि बाल बालिकालाई मातापिता जस्ता शब्दहरू र संस्कारको प्रयोग गराउने । भाषा विश्वको सिक्नुपर्छ तर मायाँ आफ्नै भाषा, संस्कारसँग मात्र हुनुपर्छ ।

बाल बालिकाहरूलाई माटोसँग घृणा हुनथालेको अवस्थामा माटोसँग निर्मित कलाकृतीहरूमा जोड दिनुपर्छ । यसरी उनिहरूले माटोलाई प्रेम गर्न सिकाउनु पर्छ । अहिले प्लस टु प्राप्त गरेपछि विदेश जाने चलन बन्यो । उनिहरू कृषि काममा मन लगाउन छाडे । गाई भैंशी बाख्राहरू पाल्न छाडे यो राम्रो सङ्केत होइन । विद्यार्थिहरू देशका भविष्य हुन् । सन्तानका कर्णधारहरूलाई आफ्नो पूर्वजहरूको ज्ञान हुनुपर्छ । तर नराम्रा बानिहरू छाडेर राम्रा बानी व्यवहार तिर लक्षित् गराउन सक्नुपर्छ । यो जिम्मेदारी पाठशालाको पनि हो र अभिभावकको पनि हो । सहर र विदेशी संस्कार, संस्कृतिले आफ्नोपन मेटिन्छ । आफ्नोपनमा गौरव गर्न सिकाउनुपर्छ । यो हरेक नागरिकले हेक्का राख्नेपर्ने विषय हो ।

हामीलाई जानकारी हुनुपर्छ की गाउँमा पुरानो आधारभूत स्कुल अहिलेपनि आफ्नो अस्तित्वको लडाइ लडिरहेको अवस्थामा हामी सबैको कर्तव्य हुन्छ मिलेर यसको जगेर्ना गरौं । यसका लागि जनप्रतिनिधिको ठूलो भूमिका हुन्छ । राष्ट्रिय नीति बनाएर शिक्षामा ध्यान दिइयो भने राष्ट्रियता बलियो हुन्छ ।

गाउँलेहरू सबैले बालबालिकाहरू सरकारी स्कुलमा पढाउँ । यसरी सरकारी स्कुलको आयु बढ्ने छ । हाम्रा सन्ततीले भविष्यमा सरकारी काम पाउँछन् । सरकार बलियो हुन्छ । गाउँ खाली हुँदै गएका छन्, यसबारेमा पनि बालबालिकालाई बुझाउनुपर्छ । मुख्य कुरो नैतिक शिक्षाको छ । नैतिक शिक्षाले नै घर, समाज, देश मजबुत हुन्छ । बालबालिका देशका कर्णधार भएकाले तिनको जग बलियो बनाइदिन सकियो भने आज देखिएको देशको दुराअवस्था भविष्यमा देखिनेछैन । सुन्दर, शान्त र समृद्ध नेपाल भनेकै शिक्षाको सुधार हो ।

अख्तियार : सुशासन कि हाउगुजी ?

बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

संवैधानिक निकायहरू सुशासनका अंगहरू हुन् । तर अख्तियार सरकारको हनुमान भयो भने सुशासन होइन, प्रतिषोध लिने, प्रतिपक्षी तर्साउने हाउगुजीमा सिमित हुन्छ । जुन यतिबेला आम धारणामा अख्तियार आलोचित छ ।

त्यसै पनि अख्तियार लामो समय निदाउने गर्छ । जब राजनीतिक दाउपेच चल्नथाल्छ, सत्ता टिक्ने कि ढल्ने भन्ने चर्चा परिचर्चा हुन्छन्, त्यतिबेला अनायास अख्तियार हर्कतमा आउन थालेको देखिन्छ । नेकपा स का अध्यक्ष माधव कुमार नेपालमाथि पतञ्जलीको जग्गा प्रकरणको पासोमा पर्न पुगे भने रवि लामिछाने थुनामा सडाइएको छ । जेलसार गर्न अदालतले भने पनि गृह प्रशासन तगारो बनेको छ ।

यसैवीच भिजिट भिसाको प्रकरण सार्वजनिक भयो । गृहमन्त्रीको राजीनामालाई आश्चर्यजनक ढंगले रोकियो, प्रमुख प्रतिपक्षी अघिल्लो दिनसम्म राजीनामाको पक्षमा थियो, भोलिपल्टै सत्तापक्षमा उभिन पुग्यो । यस्तै क्रियाकलाप तीनकुने घटनामा पनि देखियो । दुर्गा प्रसाईमाथि प्रतिशोध साधिएको छ । यता दिलभूषण पाठकले जयवीर देउवाले होटल किनेको समाचार प्रशारण गरे, उनलाई समर्थन गरेको खबर रिपब्लिकामा आयो, पाठकलाई पक्राउ पूर्जी जारी गरियो, रिपब्लिकाकी मालिक्नीलाई सिध्याइदिने धम्की दिइयो । के भइरहेको छ यो लोकतन्त्रमा ? संविधान कहाँ छ, स्वतन्त्रता कता छ ?

अमेरिकामा सेतो घर अर्थात् ह्वाइट हाउस जति धेरै चर्चामा छ, त्यत्ति नै धेरै चर्चा नेपालमा रातो घरको छ । उताको सेतो घरको चर्चा विश्वमा छ, यताको रातो घरको चर्चा सेतो सर्ट र निलो पाइन्ट लाउनेहरूको सातो खानेमा छ । सानो माछो च्याप्पै पार्न माहिर रातोघरले धेरैको मुटुमा ढ्यांग्रो ठोक्न थालेको छ । रातो क्रान्तिका नायक 'माकुने' लाई माकुराको जालोमा पारेपछि रातो घरको चर्चा नचुलिने त कुरै भएन । साना माछा खाँदाखाँदा वाक्क भएर होला रातो घरले ठूलो माछा खोजेजस्तो पनि गरेको छ । गाउँदेखि सहर, खेतदेखि बगरसम्म 'माकुने' काकाकै चर्चा चलिरहेको छ । ओलीबाको राजनीतिक निरंकूशताको चर्चा पनि छ ।

सामाजिक सञ्जालदेखि टेलिभिजनका पर्दासम्म, छापिएका पत्रिकादेखि कपी पेस्ट गर्नेसम्म पनि उनै 'माकुने' काकाको तस्बिरले ढाक्न थालेको छ ।बिहानै सबेरै 'राधे श्याम, राधे श्याम' भाकाको भजनकीर्तन, नातिले किनिदिएको चारपाते मोबाइल हेर्दै दंग पर्ने हस्तबहादुर भाका न सुर भएका, नेप्टी र चेप्टीहरू आफैंले अनुसन्धान गरेर थाहा पाएजस्तै गरी मोबाइलमा मात्र देखिने 'माकुने' को रातो घरको सन्देश फलाके पनि कञ्चटका रौं तातेर आयो भनिरहेका छन् । बिहानदेखि तात्तो छारोका सन्देश घोक्रो सुक्नेगरी फलाकेर पनि हुन्छ । 'के तालको जवाना आको होला !' हस्तबहादुर मोबाइल बन्द गर्दै भुनभुनिए ।

सबेरै ओछ्यानबाट पनि बाहिर ननिस्कँदै भुनभुनिएको देखेर स्टिलको लामो ग्लासमा तातो चिया बोकेर कोठामा छिर्दै गरेकी हस्तबहादुरकी जहान रमिलालाई पारा ठीक लागेन छ क्यार ! 'हैन, आज उठ्न नपाउँदै किन कन्पारो तताइराको भन्या ?''के हुनु नि, कहिलेकाहीं त यो मोबाइल पनि फाल्दिउँ जस्तो रिस उठ्छ भन्या । चाहिने नचाहिने के-के आउँछ आउँछ भन्या । बिहानै भगवान्को नाम लिनुपर्ने ठाउँमा दैत्यजस्तो द्रव्य पिचासहरूका नाम फलाक्छन् ।' रमिला अचम्म पर्छिन्, 'फेरि के भो त ?''के हुनु नि, रातो घरले ठूलो माछा माऱ्यो रे !'

ओहो, 'ठूलो माछा ! के भन्या त्यो ?' हस्तबहादुर हाँस्छन्, 'ल ठूलो माछा भनेको पनि थाहा छैन ? ठूलो माछा भनेको ठूला भ्रष्टाचारी । अकूत सम्पत्ति कुम्ल्याउने नवसामन्तहरू । हिजो खान नपाउने आज अर्बपतिको सूचीमा सूचीकृत भएका द्रव्य पिचासहरूलाई ठूलो माछा भन्न थाल्या छन् के !' 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्याजस्तो साना माछा होस् कि ठूलो माछा होस् । सबै हात्तीका देखाउने दाँत त हुन् । भोलि पर्सी मेलमिलाप हो कि मिलेमतो के गरेर सबै सामसुम पार्छन् । अहिले नौटंकी गर्छन् । ल लिनुस् यो च्या ।' हस्तबहादुर जहान रमिलाले ल्याइदिएको चियाको गिलास फेदैमा समाउँछन् । बूढाको हात च्वास्स पो । 'हत्तेरिका, कस्तो तातो ! हात नै डाम्यो ।'

'पोल्छ नि बुद्धि नपुऱ्याएपछि... स्टिलको गिलासमा तातो च्याँ छ भनेपछि ख्याल गर्नु पर्दैन ?''हो हो, तिमीले भनेको कुरा । कसलाई केले डाम्छ कसलाई केले डाम्छ । 'माकुने' लाई अख्तियारले डाम्यो । मलाई च्याको गिलासले डाम्यो ! ठीकै छ सब भागभोगको कुरा हो,' हस्तबहादुरले रमिलालाई समर्थन गरेजस्तो गरे । तर रमिलालाई हस्तबहादुरको कुरामा अलि चित्त बुझेन । उनले प्रतिउत्तर दिइहालिन्, 'आफू ढंग नपुऱ्याउने, उल्टो उल्टो काम गर्दै हिड्ने अनि भाग्यलाई दोष दिने यस्तो पनि हुन्छ कतै ?'

'भैगो, छाडिदेऊ । जे हुन्छ राम्रैका लागि हुन्छ ।'रमिलाले भनिन्, 'राम्रै त राम्रैका लागि त हुन्छ नि । देश बनाउने भनेर त्यत्रो पदमा पुगेर देश कंगाल बनाउनतिर लागेपछि के हुन्छ ? 'जस्तो कर्म उस्तै फल' !''तिमीले भनेको कुरा त ठीकै हो । तर, यो राजनीति हो । आज एउटाको पालो भोलि अर्कोको पालो । स्वार्थ अनुकूल चलिरहेका छन् । अब हेर्दै जाऊ, जो सत्तामा पुग्छ उसैले त्यो रातो घरको दुरूपयोग गरेर यसैगरी सबैलाई पोल्छन् ।'ढोका छेउ पुगेकी रमिला फर्केर हस्तबहादुर नजिकै आउँछिन् । 'हैन हो बूढा, यी 'माकुने' साँच्चै नै जेल जान्छन् त ?'

'के को जानु नि ! कुरो मिलाइहाल्छन् नि । ऊ बेला शाही शासनका बेला पनि शाही आयोग गठन गरेर भ्रष्टाचारी भनेका व्यक्ति अहिले कहाँ छन् ? तिमी पनि त्यही आयोगतिर काम गरेकी हैनौं र ? उल्टो मलाई के सोध्छौं !''त्यसबेलाको अवस्था अर्कै थियो, अहिलेको अवस्था अर्कै छ ।' रमिलाले आफूले काम गरेको कार्यालयको बचाऊ गर्न खोज्छिन् । नगरून् पनि किन, त्यही कार्यालयबाट अवकाश भएका कारण अहिलेसम्म पेन्सन बुझिरहेकी छिन् ।

'त्यस्तो केही होइन हेर । व्यवस्थामात्र फेरिएको हो । अवस्था फेरिएको होइन नि । त्यो दारी केटो बढी बगबग नगरेको भए अहिले जेल जान्थ्यो र ? अहिले खड्गका खड्गो जागेका बेला 'माकुने' लाई माकुरा जालोमा पारेका छन् । भोलि भोलि को को पर्नेहुन् ।'

'पछि फेरि उनीहरू सत्ता पुग्छन् अनि खड्गको साँढे सात लाग्न सक्छ । यो त प्रतिष्ठाको लडाइँ हो । अब पालैपालो सबको पोल खुल्छ हेर्दै जाऊ । रवि, छविहुँदै 'माकुने'सम्म आइपुग्यो । अब अरूको पालो आउँछ । जो सत्तामा छ उसैले ठोक्ने हो पोल्ने हो । करार गर्ने हो । यही नजिर बस्छ । यो त अख्तियारका पासोमात्र हो । नासो अर्कैको छ ।''हुन त हो बूढा,' रमिला भन्छिन्, 'साँच्चिकै सम्पत्ति छानबिन र शुद्धीकरण गर्ने हो भने यहाँ सत्तामा पुगेका पदमा पुगेका कर्मचारीदेखि नेता सबै पोलिन्छन् ।'हस्तबहादुरले भने, 'बल्ल सुरू भयो, यहाँ नखाएका पनि विष लागेको छ । खाएकाले ख्वाएर विषमुक्त गरेको पनि छ । 'माकुने' ले कति खाए वा खड्गहरू दूधले नुहाए भन्ने होइन । खड्गले सुरू गरे । अब बल्ल भ्रष्टहरूबीच लडाइँ सुरू भयो । पालैपालो सबले सबैलाई देखाइदिने प्रतिस्पर्धा चल्छ । रवि निस्कन्छन अनि अरूलाई जाक्छन्, 'माकुने' सफाइ पाउँछन् अनि गिरिबन्धु देखाउँछन् । यसैगरी चलिरहन्छ, अनि 'झोले'हरू खालि ताली बजाइरहन्छौं । आखिर देखाउने त अख्तियारको पासो नै हो नि !

सुशासन कसरी कुशासन बन्यो, राजनीतिमा परिदृश्यहरू साक्षी बनेर सार्वजनिक भइरहेका छन् । शासकहरू उही छन्, तिनलाई गणतन्त्र स्वादिलो लालमोहन बनेको छ, तर कति दिन ? जनताको दिन आउँदा, त्यतिबेला के होला, के नहोला ?

Smash And Grab

By Sunanda Datta Ray

CHAPTER 17 **Thumb Impression**

S. K. Prasad of the Sikkim high court was served with a similar peremptory order of dismissal the same day. As Harioma! later commented:

My only regret has been that such an esteemed institution, built after year" of labour and based on moral and ethical values, respected and recognized under national and international charters and codes of conduct, had been so ruthlessly crushed, humiliated and debased, with n" regard for propriety and human values. Can any civilized society be a mute witness to such gross encroachments and insults¿ Can society accept foul means for even fail ends and allow such an all-important edifice being pulled down in a way so immoral, illegal and unethical¿

Society could and would, when it served the government's political interests to do so and more. contd...

For having made this culmination possible, B. B. Lal was made governor of Sikkim the very day that the amending Bill received the president's assent. The national flag was unceremoniously hauled down on 18 May; the ancient standard was henceforth to fly only in the palace and in the Chogyal's flat in Calcutta. India House, formerly the Residency, became Raj Bhavan, and even more the hurra kothi when Lal moved in as governor. contd.....

India's Stumble & Nepal's Subservience !

Prem Sagar Poudel

The basis of India's approach to Pakistan was set by the Gandhi-Jinnah talks in June 1944. Mahatma Gandhi was released from prison on May 5, 1944, as pressure mounted on the British to leave India. After Gandhi was released from prison, he had a lengthy conversation with Muhammad Ali Jinnah, the leader of the All-India Muslim League. In this conversation, Gandhi agreed with Jinnah's arguments.

Pakistan was born as an independent Muslim state after Gandhi agreed with Jinnah's argument about why Muslims could not stay together with the Hindu majority in India. The second installment of Rs 75 crore out of the Rs 95 crore that independent Pakistan was supposed to receive from India was stopped due to the Kashmir dispute. The then Home Minister Sardar Vallabhbhai Patel said that India would not make any payments to Pakistan until the Kashmir issue was resolved. Gandhi even went on a hunger strike against this decision of the Indian government, demanding that Pakistan be paid immediately. However, saying that it still needs to take 300 crores from Pakistan, India has been showing details for 79 years. One of the reasons for Gandhi's assassination was his voice against the Indian government's decision to withhold 75 crore, which was to be given to Pakistan.

The above incident makes it clear that even today, the Indian government, recent the Modi government, wants to eliminate Muslims internally. It seems that Prime Minister Narendra Modi and his party, the Bharatiya Janata Party, have the idea of defining India as a country of Hindus. Therefore, the government does not hesitate to blame the Muslim minority for all types of terrorist attacks in India. This time too, India launched Operation Sindoor after 26 tourists were killed in an attack in Pahalgam, Kashmir. This attack was different from the previous ones. Muslim communities were at the forefront of the rescue efforts after the attack in Kashmir. They had openly opposed the attack. Unable to find a place to blame Muslims within India, the Modi government announced Operation Sindoor, targeting Pakistan, in response to this attack.

In the Kashmir region, militants in an insurgency that has been ongoing since 1989 are seeking independence from India or union with Pakistan. In its manifesto for the Jammu and Kashmir elections held in October last year, the JKNC party announced that it would start talks with Pakistan. That manifesto, released on August 19, also included a program to fully implement Article 370 of the Indian Constitution. In addition, a US diplomatic delegation led by US diplomat Graham Meyer met Sajjad Gani Lone at his residence in Srinagar. Jammu and Kashmir People's Conference leader Lone urged US diplomats to lift the US ban on American tourists in Jammu and Kashmir.

Since diplomatic relations are a matter for the central government, the fact that the Americans met with political party leaders in Jammu and Kashmir also indicates Prime Minister Modi's failure to resolve problems within his own country. Since August, Modi had been thinking of showing the power of the central government in Kashmir. The Pahalgam attack provided the environment for showing that power. Based on the Pahalgam attack, India launched a military campaign called Operation Sindoor against Pakistan. Nepal, however, sided with India in this attack. As the chair of SAARC, Nepalese officials completely forgot that Pakistan is also a member of SAARC.

One of the ideas behind Operation Sindoor was to strengthen the central government's presence in Kashmir. The central government has been weakening in Kashmir in recent times. By making this operation a success, India wanted to increase the trust of the Muslim communities in the Kashmir region in the central government. Externally, another desire was to present evidence of India's growing power. Prime Minister Modi launched Operation Sindoor with the idea of becoming internally strong and demonstrating power externally.

Operation Sindoor, launched by India on May 7, turned into a ceasefire on the evening of May 11. In a press conference held at 6 pm on May 11, the Ministry of Foreign Affairs announced that both sides had agreed to cease all firing and military operations on land, air, and sea from 5 pm on Saturday and to hold talks on a neutral ground. The US mediated a ceasefire between India and Pakistan. US President Donald Trump and Secretary of State Marco Rubio disclosed about it from social media. The ceasefire was first announced by US President Trump. He wrote in Truth Social, “After a long night of talks mediated by the United States, I am pleased to announce that India and Pakistan have agreed to a full and immediate cease-fire. Congratulations to both countries on using common sense and great intelligence. Thank you for your attention to this matter!”

India, which had announced Operation Sindoor with the intention of defeating Pakistan, could not even last four days on the battlefield. The reason behind this was India's weak defense capability. In this war, Pakistan, with the help of Chinese-made fighter jets, shot down Indian fighter jets made in France. India has not yet confirmed this subject. However, India had high expectations from the French-made Rafale. Pakistan has been seen ahead of India not only in air strikes but also in drone strikes. The issue of the use of the nearly three dozen Rafales that India has is also currently in confusion. Operation Sindoor has indicated that India needs to make major improvements in its defense sector. In addition, this war also seems to have resulted in the use of additional force in India's declining regional dominance.

India does not want to publicly acknowledge this incident. Speaking at a press conference to announce the ceasefire, New Delhi's Foreign Secretary Vikram Misri said that Indian security forces were responding appropriately. Prime Minister Modi, in his address to the name of nation on May 12, announced that further action would be taken based on Pakistan's attitude. It seems that Prime Minister Modi has not been able to move beyond the self-conceit that India has not retreated. At the same time, the management of the US, which has become active again in this region due to India, seems will be the biggest challenge for India.

Relations between Nepal and India have been unstable since 2072 BS. After the promulgation of a constitution against India's wishes, India has been trying its best to micromanage of Nepal. Incidents ranging from blockades to power cuts seem to be used as tools of India's management. India is trying to expand its influence in Nepal through the use of seemingly negative tools. However, Nepal's rulers are trying to appease India. India launched Operation Sindoor at 1:05 am on May 7 with airstrikes in various locations in Pakistan. Nepalese Prime Minister KP Oli called Indian Prime Minister Modi as soon as it became morning, saying that Nepal would always stand with India in its fight against terrorism. The Ministry of Foreign Affairs issued a statement on May 8, clarifying Nepal's support for India. Not only the government, but also political party leaders openly supported India in this attack. As an exception, only Dev Prasad Gurung, the general secretary of the Communist Party of Nepal (Maoist Center), publicly expressed his views in favor of Pakistan.

India has already informed Nepal about its stance. Bharatiya Janata Party leaders Dr. Vijay Jolly and Vijay Chauthaiwale, who visited Nepal after the ceasefire with Pakistan, have clarified India's stance with the Prime Minister and political party leaders in Nepal. Therefore, Nepal has interpreted Operation Sindoor more as an attack against terrorism than an attack against Pakistan.

On the other hand, during this attack, India needed soldiers to fight on the front lines. After Prime Minister Modi implemented Agnipath in 2022, the recruitment of Nepali youth in the Indian Army has been stopped. In the last Lok Sabha elections in India, the Congress I had included a program to remove Agnipath in its manifesto. According to this plan, recruitment into the army is currently being done for four years of service. Based on the work, after four years, 25 percent are allowed to join the army for retirement, while the remaining 75 percent are given a lump sum of 2 million rupees to leave. The story of military defeat in this war is also linked to Agnipath. High-ranking officers in the Indian Army have already realized the lack of Nepali youth who are not afraid to be on the front lines during war.

It seems that there is also a debate on the issue of Agnipath to increase India's defense capabilities. India is also holding informal talks with Nepal on the issue of Agnipath. The Indian side has also discussed this issue with Prime Minister KP Oli. If the Agnipath is reopened in its old form, or if the Agnipath is suspended and Nepali youth are recruited into the Indian Army, Nepal will welcome the program will be announced by India. Prime Minister Oli is speculating whether the agreement to recruit Nepali youth into the Indian Army will also lead to his visit to India. In such a situation, during his visit to India, Oli will sign a memorandum of understanding regarding the recruitment of Nepali youth into the Indian Army.

On the other hand, it is still unclear how much American influence will spread to India that came through Operation Sindoor. If American influence in India increases or India becomes active in the Indo-Pacific region forwarded by the US, even the micro management work that the US has been doing in Nepal will return to India's hands as before. In such a situation, America will again look at Nepal through Delhi's eyes. This means that Nepal will return completely to its old status under the umbrella of India. India's failed management of the region, including Nepal, could also lead to India moving forward on the path of establishing regional dominance through US intervention. Nepal also seems to readily accept this path.

At a time when India's regional power is being interpreted as weakened because the Americans are not willing to completely abandon India in this region, India's sought American intervention through mediation should not be taken lightly. In this situation, India will expand its military power with American technology. India has decided to buy American fighter jets F-35. Apart from this, India has made agreements to buy weapons, oil, and gas from the US.

Overall, India has completely failed in the management of Nepal. Nepal's rulers have not stopped following India. With the change of government, Nepali politics has not been able to free itself from the mindset of considering a visit to India as a basis for success. Therefore, the basis for saying that Nepal will not move forward according to India's thinking, even if India wants it to, has not yet been established.

In the context of Women Empowerment in Nepal Through Equal Access of Girls and Women to Education

Professor Dr. Uttam K. Karmacharya
Resources person for Equal Access of girls and Women to Education LRC/ACCU Tokyo Japan

Rationale for Girls' and Women's Education

Gender inequality in education is extreme. Girls are less likely to access school, to remain in school or to achieve in education. Education helps men and women claim their rights and realize their potential in the economic, political and social arenas. It is also the single most powerful way to lift people out of poverty. Education plays a particularly important role as a foundation for girls' development towards adult life. It should be an intrinsic part of any strategy to address the gender-based discrimination against women and girls that remains prevalent in many societies.

The following links will further explain the necessity of girls'/women's education.

1. Education is right

Everybody has the right to education, which has been recognized since the Universal Declaration of Human Rights (UDHR) in 1948. The right to free and compulsory primary education without discrimination and of good quality, has been reaffirmed in all major international human rights conventions. Many of these same instruments encourage, but do not guarantee, post primary education. These rights have been further elaborated to address issues like quality and equity, moving forward the issue of what the right to Education means, and exploring how it can be achieved. As a minimum: states must ensure that basic education is available, accessible, acceptable and adaptable for all.(4A Scheme) the right of girls to education is one of the most critical of all rights-because education plays an important role in enabling girls and women to secure other rights.

2. Cultural changes

Cultural and traditional values stand between girls and their prospects for education. The achievement of girls' right to education can address some of societies' deeply rooted inequalities, which condemn millions of girls to a life without quality education-and therefore, also all too often to life of missed opportunities improving educational opportunities for girls and women helps them to develop skills that allow them to make decisions and influence community change in key areas. One reason for denying girls and women their right to an education is rarely articulated by those in charge: that is their fear of the power that girls will have through education. There is still some resistance to the idea that girls and women can be trusted with education. Education is also seen in some societies as a fear of change and now with globalization, the fear becomes even grater-fear to lose the cultural identity, fear of moving towards the unknown or the unwanted, and fear of dissolving in the many others.

3. Better health

Basic education proves girls and women with an understanding of basic health nutrition and family planning, giving those choices and the power to decide over their own lives and bodies. Women's education leads directly to better reproductive health, improved family health, economic growth, for the family and for society, as well as lower rates of child mortality and malnutrition. It is also key the fight against the spread of HIV & AIDS.

4. Poverty reduction

Educating girls and women is an important step in overcoming poverty. Inequality and poverty are not inevitable. “The focus on poverty reduction enables the right to education to be a powerful tool in making a change in the lives of girls and women. Poverty has been universally affirmed as a key obstacle to the enjoyment of human rights, including the right to education ,which disproportionately affect girl and women various grounds of discrimination combine trapping girls in vicious downward circle of denied rights. Denial of the right to education leads to exclusion from the labor market and marginalization into the informal sector or unpaid work.

5. Emerging status of female education

Since fifty percent of the Nepalese population constitutes women, any endeavor without the participation of women will be an incomplete affair. So, until the active participation of half of the population is obtained,nothing substantial can be gained. Owing to illiteracy and traditional social conventions and customs, a majority of women population have yet to enter into the main stream of development process in big way. Since 1970 which is also called the era of Women's Education, the government has been giving special attention to this significant segment of the population. The promotion of female education has become the top priority in every governmental and non-governmental cell and sector of education. The opportunities for education through different possible alternative and innovative approach and media, and assistances in family care are some of the fields where women have been given special attention in consonance with the plans and policies of the Seventh plan.1985-90. For the purpose of blancing the participation of women in the national development work, it is our foremost duty to enlist women in all the activities relating to national development.

The participation of the maximum number of women in our development efforts certainly helps to speed up the pace and to lead to a more equitable distribution of the benefits which can contribute to making lives of the people better and more fulfilling as envisaged in our “Basic Need Programs”.

Thus, for rising the status of women it is essential to frame out objective-oriented strategies and programs based on past experience and on new developments. But the main thrust should be on providing a sound framework. The need is there for chalking out a program and plan of action which is more suited for women of Nepal in our cultural and economic context.

6. Objective of education for girls and women

A) National level

1. Universalizing of primary education by the year 2015
2. Contribution to the national development process by all men and women.
3. Increment of girls and women's participation in education generally.
4. Raising the social status of girls and women.
5. Raising the literacy rate of women.

B) Local community level

1. Strong participation of women in all community development activities especially literacy programs.
2. Change of altitudes and beliefs towards female education.
3. Consciousness of the benefits of female education.
4. Increment of girls' enrolment at school level.
5. Betterment of the overall family living conditions.

c) Individual level

Development of positive self image and self concept.

7. Strategies to improve the status of female education

A) Formal education system Access

1. Provision of free education up for all children, especially for girls of remote areas up to secondary level.
2. Increment of the number of primary schools.
3. Competition between schools regarding girls' enrolment.

B) Infrastructure

· Upgrading of the primary school teachers in quantitative and qualitative terns.

· Priority to female primary teachers in employment.

· Provision of hostel facilities for girls.

Relevance

1. Start revising the existing School curriculum.2. Integration of the school activities and community development.

B) Literacy cont. page

1. Implementation of functional literacy programs especially for women.

धर्ममा आधारित शासन पो शासन

डा. शास्त्रदत्त पन्त

नेपाल सभ्यताको थालनीदेखि सुसंस्कृत मुलुकमा कहलिदै आएको छ । त्यसलाई हामीले वैदिक सभ्यता भन्ने गरेका छौं । त्यस कालदेखि अनवरत रूपमा त्यो संस्कार र सभ्यता निरन्तर चलिआएको छ । त्यसलाई पौरस्त्य सभ्यता (ओरिएन्ट सिभिलाईजेशन) भन्ने गरिएको छ । वैदिक सभ्यता पृथ्वीको पहिलो सभ्यता हो । वैदिक सभ्यताको सूत्रपातको केन्द्र नेपाल हो । संस्कृत बाङमयका अथाह ग्रन्थ यही धरामा सृजिएका हुन् । तिनताक यस भूखण्डलाई हिमबत खण्ड भनेर पुराणादिमा बर्णित छ । मानिसको सृष्टिदेखि अनवरत रूपमा स्वतन्त्र र सार्वभौम रहिआएको त्यस भूखण्डको बर्तमान नाम नेपाल हो । पश्चिमाहरूले आज पनि हिमाली अधिराज्य (हिमाली किङ्गडम) भन्न मन पराउँदछन् । यसको महात्म्य स्कन्द पुराण अन्तरगत हिमवत खण्डमा वर्णित छ । तदनुसार द्वापर युगमा दानासुर राक्षसले यहाँ उत्पात मच्याएको थियो । द्वारकाबाट श्री कृष्ण यहाँ आएर उनलाई दमन गरेका थिए । उनीसँग आएका ग्वालाहरू (कृष्णका फौज) जस्लाई पछि अहिर (आभीर) भन्थ्यिो, आजकल यादव भनिन्छ, ले याँही बसेर शासन संचालन गरेका थिए । त्यससलाई इतिहासमा गोपाल वंशी राजा भनिएको छ । यस बंशका भूलसिंह देखि भूवनसिंह सम्मका ३ पुस्ताले १११ वर्ष शासन गरेका थिए ।

पूर्वतर्फका किरात राजा यलम्बरले अहिरको शासनलाई विस्थापन गरिदिएका थिए । यस वंशमा यालम्बर देखि जयदेव द्वितीयसम्म ३७ पुस्ताले सन ७३३ सम्म शासन गरेका थिए । त्यस पछि सन ८८० सम्मको शासनकालको अभिलेख प्राप्त छैन । स्पष्ट छैन ।

सन ८८० देखि १७६८ सम्मको युग मध्यकाल हो । यस कालमा खस मल्ल राजाहरूले राज्य गरेका थिए । तिनको शासन कालमा कला संस्कृतिको निकै उन्नती भएको थियो । मल्ल कालम जब पारिवारिक कलह र कचिङ्गल बढ्न थाल्यो त्यहादेखि वैदिक सभ्यताका संस्कारमा खिया लाग्न थालेको हो । गलत संस्कार बढ्दै गएको हो । कलहलाई मत्थरपार्न राज्यलाई टुक्राएर अंशवण्डा लागाउने काम गरे । यो वैदिक शासन पद्धति बिपरित थियो । धर्म बिपरित, गर्न नहुने काम भएको कारण राज्य झनझन कमजोर हुदै गएको पाइन्छ । आज सम्बत २०७२ (सन २०१६) सम्म आइ पुग्दा पनि भूखण्ड बाहेक, बाँकी सबैमा अंशवण्डा गरेर बाडि चुडी खाने त्यो प्रथाको अन्त्य भएको छैन । यसले पूर्वीय संस्कार र सभ्यताको विनाश गर्न सघाएको छ । त्यसैलाई जोगाउन मात्र पृथ्वी नारायण शाहले राष्ट्रिय एकिकरण अभियानको थालनी गरेका थिए । फिरिङ्गीले भारतवर्षभरि वैदिक मान्यता, सभ्यता र संस्कार मास्दै लगेको देखेका थिए । त्यसलाई जोगाएर असली हिन्दुस्थान बनाउने उनको मूल धेय थियो ।

शाह राजा पूर्वको नेपाल

शाह राजा पूर्वको नेपालको अवस्था भारत वर्षमा प्रवेश गरेका मुसलमान र ईशाईले शताब्दियौँदेखि जन्माएको विकारको प्रतिरूपमा थियो । तिनीहरू विशुद्ध वैदिक शासन पद्धतिमा थिएनन् । तिनमा संघ र महासंघ राज्य थिएनन् । केवल तल्लो निकायका रजौटा र भिरेटाकुरे (मुखियाली) राजा मात्र थिए । पश्चिमाले गुरूकुल, शिक्षण संस्थाहरू भत्काई दिएको कुरामा चिन्ता पनि थिएन । त्यसमाथि लर्ड मेकाउलेले पौरस्थ्य सभ्यताको ढाडै भाँचिने उपभोक्ताबादी शिक्षा पद्धति लदाएकोले समाजलाई अचेतन थियो, आफै जाग्ने वस्था थिएन । अचेतन अवस्थाको समाजमा राजाले जसरी शासन गरे पनि जनता बोल्दैनन् । फलत: वैदिक शासन पद्धतिमै बिकार बढ्दै गयो, कुशासन चर्कियो । त्यसको प्रभाव आजसम्म कायम छ ।

यहाँ बाईसी चौविसी राज्य थिए । बाईसी चौविसी राज्यको बारेमा छोटो जानकारी दिनुभन्दा पहिले पौरस्थ्य शासन पद्धतिबारे छोटो जनकारी प्रस्तुत गर्नुँ प्रासांगिक हुन्छ । संक्षेपमा वैदिक शासन पद्धतिलाई रामराज्य भनिन्छ ।

पौरस्त्य शासन पद्धति

सृस्टिदेखि अथवा वैदिक कालदेखि नेपाल राष्ट्र निरन्तर छ । सबै युगमा हिन्दु अधिराज्य नै रहि आएको छ । सबै कालमा यो स्वतन्त्र र सर्बभौम रहि आएको छ । यो मुलुक कहिल्यै कसैको दास भएन, उपनिवेश भएन । यहाँ सबै कालमा राजतन्त्रात्मक व्यवस्था छ । सबै राजा हिन्दु (सनातनी वैदिक) छन् । सबै राजाले हिन्दु परंपरा, संस्कार र सभ्यता जोगाई राखेका छन् । यो उर्बरभूमि वैदिक सभ्यताको उद्‌गमस्थल हो । विश्वमा वैदिक शासन व्यवस्था निरन्तर रहि आएको एक मात्र मुलुक नेपाल नै हो । यहाँ वैदिक मान्यताका राजा छन्, राजतन्त्र छ । राजाको शासन व्यवस्था छ । समयसमयमा राजा हटाइएका छन् तर राजवंश या राजकुल बिहिन भएको छैन । सधै हिन्दु राजसंस्था नै छ । वैदिक आधारको प्रजातन्त्र छ । सबै राजा वैदिक परंपराका छन् । सनातनी हिन्दु छन् । यसरी राजतन्त्र, प्रजातन्त्र, वैदिक सभ्यता संस्कार र संस्कृति, धर्म र वैदिकबाद नेपालका सम्पदा बनेकाछन्, पुरातात्विक सम्पदाका बिषयवस्तु भएका छन् ।

पूर्वीय शासन पद्धति पौरस्थ्य सभ्यता र संस्कृति संगसंगै सुरू भएको हो । यो पृथ्वीको पहिलो व्यवस्था हो, सत्ययुगदेखि निरन्तरता पाएको । वैदिक कालदेखिको निरन्तर चल्दै आएको व्यवस्था हो । यसको सुधार आवस्यकताको सिद्धान्त बमोजिम आफै हुन्छ, जसरी प्राणी, बृक्ष आदिको बृद्धि आफै बढ्दछ । कुनै व्यक्ति बिशेषले गराउने परिबर्तन, भौतिकबादी हो, पश्चिमाको हो । पूर्वीय शासन पद्धतिको आधार प्राकृतिक हो, वैदिक हो । विश्व ब्रह्माण्ड संचालन गर्ने कुरा, पृथ्वी नक्षत्र घुम्ने कुरा, दिन रात हुने कुरा, ॠतु परिबर्तनका कुरा जसरी मानबकृत होइनन् त्यसै गरेर याहा सृष्टि भएका मानव, प्राणीमात्रको जीवन संचालन बिधि पनि मानवकृत होइनन् । नेपाल र नेपाल जस्ता मुलुकमा औपनिवेपिसक सोचका उपभोक्ताबादी पश्चिीमका व्यक्ति बिशेषले बनाएका कुरा लदाएका छन् । त्यसले सधै बिबाद र तनाब गराई राखेको छ । नेपालको आज सम्मको राजनीतिक कचिङ्गल र बिकास अबरूद्ध जस्ता नकारात्मक कुरा यसैको परिणति हो ।

हामी पौरस्य सभ्यताका उत्तराधिकारी हौं । हाम्रो भन्दा पुरानो सभ्यता कसैको होइन । हाम्रो भन्दा वैज्ञानिक र उच्चस्तरको सोच विचार कसैको छैन । हाम्रोभन्दा उँचो नैतिकमूल्य कसैको होइन । हामीभन्दा बढी समभावी अरू कोही छैन । हाम्रोभन्दा बढी शान्ति प्रियता अरू कोहीमा छैन । हामीले हरेक पलपलमा शान्ति र स्वस्ती वाचन गर्दछौं । हामीले विश्वलाई एक घर परिवार, वसुधैवम् कुटुम्बकम्, मान्दछौं । हामीले मानिस नभचर, स्थलचर, जलचर तथा स्थावर जङ्घम प्राणीमा विभेद गर्दैनौं । प्रजा (प्रकृति र प्रकृतिमा भएका) भनेर यी सबैलाई मानिसको समकक्षमा राख्दछौं । हाम्रा सबैथोक सबैभन्दा पहिलेका, सबैभन्दा वैज्ञानिक अथवा तथ्यगत, सबैभन्दा सर्वहिताय भएर पनि किन यतिखेर विदेशीको अनुसरण गर्दछौं ? किन उनीहरूको निर्देशनमा काम गर्दछौं ? यो अहं विषय बनेको छ । विदेशीहरूले लाएको बाटो हिडिरहँदा हामी अहिलेसम्म तथ्यसत्यको नजिक पुग्न सकेका छैनौं ? विदेशीहरूले नेपालीलई हेर्ने, चिन्ने र मूल्यांकन गर्ने दृष्टि नै फरक भएबाट उनीहरूले देखाएको बाटोबाट हिड्ने नेपालीको परिचय स्वत: फरक खालको हुदै गयो' (ज्ञानमणि नेपाल: नेपालको महाभारत प्रस्तावना) । यथार्थमा यतिखेर नेपालीले दिएका नयाँ विचार, आफ्ना पुर्खाले आर्जेको सभ्यता, खोजेका नयाँ कुरा मुलुकभित्रै विलाइरहेका छन् । आज नव औपनिबेसिक पाश्चात्य सोच बमोजिम राज्य व्यवस्था चलेका छन् ।

बैदिक शासनको संगठन

वैदिक राज्य व्यवस्थामा ८ प्रकारका गण प्रमुख भएको पाइन्छ । ती हुन् : स्वस्ति, साम्रज्यं, भौज्यं, स्वाराज्यं, वैराज्यं, परमेस्ठयं राज्यं, महारज्यं, अधिपत्यमयं, समन्त पर्यायीस्यात, सार्बभौम सर्बायुष, आन्ताद, आपराधपि, पृथीव्यै, समुद्रपर्यन्ता र एकराज्य । भूगोल, संस्कार, प्राकतिक श्रोत, आदिको आधारमा यी आठमद्धे कुनै एक चयन गर्ने प्रथा हुन्छ । यी सबैमा राष्ट्रप्रमुख राजा नै हुन्छन् । सबै प्रकारका राज्यको काम र कर्तव्य निर्धारित गरिएको हुन्छ । पौरस्थ्य राज्य व्यवस्थाको सबैभन्दा महत्वपूर्ण कुरा शक्ति प्रत्यायोजन हो, विकेन्द्रीकरण हो । सबैभन्दा तल भद्रभलादिमि, गाउँ पाका, मुखिया हुन्छन् । तल्लो तहको स्थानीय (रजौटा) लाई राजा, संघ राज्यको प्रमुखलाई महाराजा तथा महासंघको प्रमुखलाई बडामहाराजा (वादशाह) अथवा चक्रबर्ती राजा भनिन्थ्यो । भारत वर्ष महासंघ थियो । त्यसमा ३०-३५ वटा संघ राज्य थिए भने एउटा संघ राज्यमा ६०-१०० सम्म राज्य थिए । नेपाल हिमवत खण्डको राष्ट्र हो । यसमा ९०-१०० जति राज्य थिए । इण्डियामा ६६५ वटा राज्य थिए भने भारत वर्ष भरी २००० देखि २५०० राज्य थिए । राज्यहरूलाई व्यापक अधिकार दिइएकोले संघहरू कमजोर (Loose Union) थिए । त्यही अवस्थाको फाइदा उठाएर पाश्चिमाले यहाँ हमला गरेर उपनिवेश बनाउन थालेका हुन् । त्यो अबस्था देखेर श्री ५ पृथ्वीनारायण शाहबाट पूरा भारत वर्षलाई एकत्रित गरेर पूर्वीय सभ्यतालाई जोगाउने आशयले एकीकृत अभियान थालिएको थियो । सन १८१४ सम्मको नेपाल त्यही अभियानको उपज हो । तिनताक महासंघको प्रमुख को हुने भन्ने बिषयमा निर्बिरोध नभए उम्मेदबार खडा हुन्थे । त्यसबेला उम्मेदबार हुन अश्वमेध यज्ञ गरेर एक टुकडी सेना सहित घोडालाई सबै संघराज्यमा घुमाइन्थ्यो । त्यसलाई सकारे भने निर्बिरोध चयन भएको मान्थ्यिो । सकार नगर्नेले घोडा समातेर राख्नु पर्दथ्यो र तत्कालै युद्धकालागि तयार हुनु पर्दथ्यो । जस्ले जित्थ्यो उहीनै बडामहाराजा हुन्थ्यो । राजा दशरथ, राम पनि बडामहाराजा थिए ।

धर्मराज्य

पूर्वीय शासन पद्धति पूर्णतया 'धर्म'मा आधारित पद्धति हो । परोपकार गर्नु 'पुण्य' र अपकार गर्नु 'पाप' हो भन्ने धर्मको सार हो । पर भन्नाले मानिस बाहेक सृष्टिका सबै प्राणी पर्दछन् । पीडा भन्नाले शारीरिक र मानसिक दुवै पर्दछन् । बोलीले पनि अर्काको मन दुख्नु हुँदैन । पृथ्वी नै एउटा घर हो, यहाँ बस्ने सबै सम्प्रदाय या विचारका मानिस कुटुम्ब हुन् । क्रमस

प्रेम सिंह बस्न्यात्द्वारा खुलासा

नेपाली इतिहासका युद्धहरू

लिगलिग कोटको लडाइँ :

लम्जुङको राजा यशोब्रम्ह शाहको कान्छा छोरा द्रव्य शाहले विशेष जुक्ति पुर्‌याइ वि.सं. १६१६ को विजयादशमीको दिन लमजुङबाट गएर लिगलिग कोटमा हमला गरी त्यहाँको राजा भए । त्यसबखत गोरखाको उपल्लो कोट क्षेत्रमा खड्का र तल्लोकोट क्षेत्रमा घले गुरूङहरूले शासन गर्थे भने ती दुवै भन्दा सानो लिगलिग कोट क्षेत्रमा पनि घले गुरूङ नै शासक थिए । जुम्ला राज्यअन्तर्गतका ती आश्रित स्थानीय रजौटा थिए । राज्यकै रूपका राजा भने होइनन् । यसरी तीन थरी शासक रहेको यस क्षेत्रमा द्रव्य शाह राजा भएपछि मात्र गोरखा नामाकरण गरियो । गोर्खा राज्यको स्थापना हुनु, गोर्खा नामाकरण हुनु र आधुनिक नेपालको निर्माण हुनुमा लिगलिग कोटको युद्धले ठुलो भूमिका खेलेको छ ।

राजा द्रव्य शाह गोर्खा राज्यको संस्थापक थिए । अर्को महत्वपूर्ण तथ्य के हो भने वि.सं. १६१६ को असोजमा नै भगीरथ पन्तलाई सेनापति काजी बनाइ यसै स्थानमा सेना खडा गरियो । यही सेनाको क्रमिकता वर्तमान नेपाली सेना हो । वि.सं. १६१६ देखि २०६३ सालसम्म गोर्खाका शाहवंशीय राजतन्त्र अविछिन्न रहेकाले तिनले खडा गरेको सेना पनि अविछिन्न रूपले विकास हुँदै आएको हो । हाल आएर मनमौजीसँग कसैले वि.सं. १८०१, १८१९, १८२५ लगायतका स्थापना सम्वत् लेखेका छन् । त्यो गल्ती हो ।

नुवाकोट विजय हमला :

बडामहाराज पृथ्वीनारायण शाहको नेपाल एकीकरणको लागि गरिएको सैनिक अभियानमा सन् २६ सेप्टम्बर १७४४ कान्तिपुरको मल्ल राजाको नुवाकोट किल्लाको विजय पहिलो महत्वपूर्ण उपलब्धि हो । यो विजयको लागि तीन दिशा- तीनधारा दिशाबाट बडामहाराज पृथ्वीनारायण शाह स्वंयले, गेर्खु दिशाबाट काजी कालु पाँडेसम्मिलित फौजको नेतृत्व राजकुमार दलमर्दन शाहले र, धरमपानी दिशातर्फको नेतृत्व राजकुमार महोद्दामकीर्ति शाहले गरेका थिए । बडामहाराजको यो पहिलो विजय हमला थियो ।

साँगाचोकको हमला :

बेलकोटदेखि शिवपुरी, साँखु, चाँगु, नालदुम, फटकसिला, सिन्धु, सिपा, चौतराको युद्धहरूमा चरम सामसिंह बस्न्यातले गरेका थिए । हाल काठमाडौं जिल्लाको साँखुभन्दा माथि, उत्तर डाँडोमा सफलता पाएको एकीकरण युद्धको नेतृत्व प्रधान सेनापति काजी शिव रहेको साँगाचोक भनिने डाडो छेउमा रहेको द्वारेटोलको बारीका ठुला पाटोमा वि.सं. १८०३ फागुन ५ गतेको मध्यरातमा कान्तिपुरे फौजले प्रत्याक्रमण गर्दा सेनापति शिवरामसिंह लगायत १३ जना सेनाले वीरगति प्राप्त गरेका थिए । तिनै प्रधानसेनापति काजी शिवराम सिंह बस्न्यातको सालिक हाल जहरसिंह पौवामा स्थापना गरिएको छ ।

गुर्गीन खाँविरूद्ध मकवानपुरको लडाइँ :

मकवानपुरबाट हारेर भागेका पराजित दिग्बन्धन सेन राजाको अनुरोधमा लागेर बंगालका नवाव मीर कासिमले सेनापति गुर्गीन खाँको नेतृत्वमा ३७०० जति फौज पठाइ वि.सं. १८१९ मा मकवानपुर दरबारमा हमला गर्न लाग्दा करिब ४०० जना गोरखाली सेनाले तहसनहस पार्ने आक्रमण गरी १७०० जना भन्दा बढी मुसलमान फौज मारिदिए । मकवानपुरका सेन राजाका दरबारलाई हाम्रा इतिहासकारहरूले गढी भनी लेखिदिए । यो सरासर गल्ती छ । अहिलेसम्म उक्त दरबारलाई गढी भनिएको छ । उसबखतको दरबारलाई कोट भनिन्थ्यो । त्यस्ता कोटहरू भारतमा मुगलहरूले बनाएका दरबारजस्तै किल्लाको रूपबाट बन्दथे । यस लडाइँमा दुश्मनसँग खोसेको ४०० भन्दा बढी बन्दुक र दुई नाल तोपलाई प्रयोगमा ल्याउन नेपाली सेनामा पहिलोपल्ट १८१९ सालमा श्रीनाथ, कालीबक्स, बर्जवाणी, पुरानो गोरख, सवुज गरी ५ कम्पनी खडा गरियो भने विदेशी दुश्मनस"ग लडिएको पनि यो पहिलो लडाइँ थियो ।

नेपालको परम्परादेखिको इतिहासमा मुसलमान फौजले पटक-पटक नेपाल आएर हाम्रा मन्दिर लुटेर सुनचाँदी लग्ने, शहरमा लुट्ने गर्थे भने मुसलमान सेना आयो भनेपछि काठमाडौं उपत्यकाका राजा/प्रजा भागेर जङ्गलमा लुक्न जान्थे । शहरमा आगो लगाउँथे तिनले । उता सिमरौनगढ राज्यको दरबारमा आगो लगाएर अनि राजा भगाएर यो राज्यको पतन पनि मुसलमानले नै गरे । नेपालको इतिहासमा बडामहाराज पृथ्वीनारायण शाहले नै हो पहिलो पटक यी मुसलमान सेनालाई सोत्तर पारेर नेपाललाई विजयी गराएको पनि ।

क्याप्टेन किनलकविरूद्ध पौवागढीको लडाइँ :

गोर्खाली सेनाको विरूद्ध कान्तिपुरका राजा जयप्रकाश मल्लले तत्कालिन इष्ट इण्डिया कम्पनीसँग सैनिक सहयोग मागेपछि अङ्गेजतर्फबाट क्याप्टेन किनलकको नेतृत्वमा असरदार हतियार सहित करिव २४०० अर्थात् एक बाहिनी फौज पटना-जनकपुर-सिन्धुलीगढी हुँदै कान्तिपुरतर्फ बढेको थियो । ती फौज बोलाइएर मात्र आएका थिए । सोही क्रममा सिन्धुलीगढी नआइपुग्दै सिन्धुलाई माडीबाट सिन्धुली गढीतर्फ उकालो चड्दै गरेका अङ्गेजी सेनालाई गोर्खाली सेनाले पौवा गढी, ढुङग्रेभञ्ज्याङ र ढुङग्रेबास तीन ठाउँबाट एकै पटक हमला गरे र, करिव १६०० दुश्मनहरू मारे भनी लेखिएको पाइन्छ । तथापि, सतही विश्लेषण गर्दा करिव ३०० देखि ४०० जनासम्म दुश्मन मरिएका हुन सक्छन् । किनकि, क्याप्टेन किनलकले पनि केही दिनपछि नै फेरि हरिहरपुर गढी क्षेत्रबाट पनि काठमाडौं आउने प्रयास गरेका थिए । २४०० मा १६०० सेना मरिएका थिए भने उनको त्यो प्रयास एकदम असम्भव नै हुने थियो । मल्टिपल एम्बुस अर्थात् थुप्रै धरापहरू थिए । अर्को कुरा बडामहाराज पृथ्वीनारायण शाहले यही युद्ध लडाउनको लागि नै नयाँ सैनिक रणनीतिमा 'जाइ कटक नगर्नु झिकी कटक गर्नु' लागु गरेका थिए । जसको मतलब आमुन्नेसामुन्नेको नभइ लुकी-लुकी ठोक्ने लडाइँ थियो । शक्तिसाली दुस्मनविरूद्ध यो रणनीति अपनाइन्छ । थुप्रै हतियार हात लागेको, वि.सं. १८२४ मा भएको यो युद्ध अङ्गेजसँगको पहिलो लडाइँ थियो । किन हाम्रा इतिहासकारहरूले लेखेनन् पहिलो नेपाल-अङ्गेज युद्ध भनेर ? यो पहिलो नेपाल-अङ्गेज युद्ध हो, अवश्य पनि ।

कीर्तिपुरको युद्ध :

ललितपुर राज्यअन्तर्गत कीर्तिपुर एउटा बलियो किल्लाको रूपमा पर्खाल र खाडलले घेरिएको शहर थियो । यस शहरलाई लिनको लागि गोर्खाली सेनाले वि.सं. १८१४ मा बडामहाराज पृथ्वीनारायण स्वयमको नेतृत्वमा र वि.सं. १८२२ मा राजकुमार सुरप्रताप शाहको नेतृत्वमा असफल हमला गरेता पनि अन्तमा नाकाबन्दी लगाइ युद्ध नै नलडी किल्लाप्रमुखले कीर्तिपुरको पश्चिमी ढोका खोलेर आत्मसमर्पण गरेपछि वि.सं. १८२३ मा कीर्तिपुर गोर्खालीको हात पर्‌यो । पहिलो युद्धमा बडामहाराज झन्डै काटिइसकेका थिए । यो युद्धको कुरा गर्नासाथ एकाथरिले नाक काटेको कुरा ल्यायर हुन्डरी मच्चाउँछन् । क्रमस... अर्को हप्ता पूरा विवरण ।

In the context of Women ....

2. Organization of morning classes for out of school girls (Cheli-beti) or children (Shikshya Sadan) which combine literacy and health activities.

C) Non-formal skill development

1. Provision of skill training courses for rural women.

D) Advocacy

1. Awareness rising towards the national and individual need of female education by use of printed, audio and audio visual as advocacy materials.

2. Creation of field for informal learning by encouragement of the female primary teachers to work actively as a change agent in their villages.

8. Some major efforts of governmental and nongovernmental programs and activities:

Since the adoption of 1975 as the international women's year, numerous activities have been introduced towards promoting girls' and Women's Education. The following major programs can be stated in this category in a nutshell.

1. Free textbooks for girls: To encourage parents to send their girls to school for longer duration the government of Nepal has provided free textbooks to female students of the districts.

2. Ratna Vidya Medal : Female students who have secured the highest positions in the school leaving certificate examination are decorated with this medal which carries a scholarship also.

3. Aishworya Vidya Media: Queen Aishworya has instituted Aishworya Vidya Media which is awarded to the female students who secured the highest position in the certificate examination of all faculties.

4. Preferences for Women in Primary School Teaching: The Government has adopted a policy of giving preference to girls and women in the appointment of teachers in primary schools.

5. School Award Program: Since 1976/77 the Ministry of Education and Culture has been awarded annual cash prizes to schools that enroll the largest number of female students in 18 remote districts. In addition to it, the Ministry of Education Women's Education Project in collaboration with the national population commission awards cash prizes of Rs. 6000/- (first prize) and Rs. 4000/- (second prize) to the schools in four zones that enroll the highest number of female students in every two years on a rotation basis, effective from 1982/83

6. School Scholarship programme: A school scholarship programme has been implemented with the assistance of National Population Commission for the indigent people for the remote and educationally backward districts.

7. Child care centre: In has been found that having younger siblings at home are one of the obstacles for schools age girls to attend school. In certain rural areas, there is a particular project launched by UNICEF where there are child care centers also.

8. Adult Education Programme: Illiteracy has been a major bottleneck in educating children. Rural people are less literate than the urban people. So the Adult Education Section, Women's Education Porject, Education for Rural Development Projects, etc of the MOE and other governmental agencies and non-governmental agencies like Nepal Women's Organization, Agricultural Development Bank etc. are implementing literacy programmes in order to eradicate illiteracy from the country.

9. Education Programme for Rural Development (Seti Project): The Seti Project has implemented various innovative programmes in Seti Zone Chelibety programme (out – of school girls programme) is one of the programmes. This programme has facilitated increasing the participation of girls in education that is out of school.

In conclusion we must give priority to five steps to improving equal access of girls and women education. They are:

1. Provide a strong foundation through early childhood development.
2. Manage strong focus on basic education.
3. Educate with job relevant skills to lunch own business.
4. Create conducive environment that encourages in knowledge and creativity.
5. Promote flexible, efficient and secure labor market.

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ असार ३, June 17, 2025

अन्तिम पातो - शाश्वत शर्मा

आरजु राणाले अति गरिन् है

न्याय दिने नयाँ प्रचलन बसेको छ । सांसद, मन्त्री छ भने संसदमा, होइन भने प्रेस बोलाएर सफाइ दिने, बयान दिनेजस्ता कामकारवाही हुँदै गरेको छ । अचम्म, त्यसरी वयान दिइसकेपछि सफाइ पाइ हालिने, अन्त कतै जवाफदेही हुन नपर्ने । गणतन्त्रमा काइदाको सिस्टम बसेको छ । पछिल्लो सन्दर्भ गृहमन्त्री रमेश लेखक र उनीसँग जोडिएको भिजिट भिसा काण्ड हो । त्यसैगरी पतञ्जली जग्गा काण्डमा मुछिएका नेकपा स का अध्यक्ष माधवकुमार नेपालको हो । गृहमन्त्रीले संसदमा उभिएर सफाइ दिए, माधव नेपाल ठाउँ ठाउँमा आफूमाथि प्रतिषोध साधिएको भन्दै हिडेका छन् । न त गृहमन्त्रीले राजीनामा दिने कुरो आयो, न माधव नेपालले सजाय भोग्नुपर्ने दिन आउँछ ?ककर्मचारीलाई दोष दिएर यी दुबै चोखिन्छन् । दर्जनौं दिउँदा मान्छेलाई इटाभट्टामा पोलेर पनि सफाइ पाउने मुलुकमा यति त के हो र ? ढुक्क भए हुन्छ, न भिजिट भिसा, न पतञ्जली काण्डमा कसैलाई कारवाही हुन्छ । कानुनभन्दा पार्टी बलियो भएपछि यस्तै हुन्छ ।

अर्को काण्डले राजनीति र कानुनक्षेत्र तताएको छ । आफ्ना छोरोको नाम जोडेर हिल्टन होटल खरिद प्रकरणको खबर बाहिर ल्याइदिएपछि परराष्ट्रमन्त्री डा. आरजु राणाले रिपब्लिक मिडियाकी शोभा ज्ञवालीलाई फोन गरेर सिध्याइदिने धम्की दिइछन् । यही प्रकरणमा समाचार छापेबापत दिलभूषण पाठकलाई पक्राउ पूर्जी जारी भएको छ, प्रहरीले खोजेपछि अन्डरग्राउण्ड भएको खबर छ । ठूला र शक्तिशाली मान्छेलाई धम्की दिएपनि कानुन लाग्दैन । खबर गलत भए प्रेस काउन्सिल थियो, प्रकृया छँदै थिए । सिधै साइबर काइममा हाल्न खोजियो । जुन निरंकूशता हो । यसबाट थाहा हुन्छ, सत्तासीनहरू र ठूला पार्टी आफ्नालाई बचाउने र बिरोधीलाई पेलेर सिध्याउने नियम बसाल्न थालेको देखिन्छ । यसरी मुद्दाहरूमा फसाइदिएपछि सत्य कुरा बोल्न, लेख्न, छाप्न डराउने भए । यसपछि कसले बिरोध गर्ने ? सत्तापक्ष, विपक्षी कसैको पनि भ्रष्टाचार, राष्ट्रघातको खबर सार्वजनिक नहुने भयो । निष्पक्ष खबर लेख्न दुईपल्ट सोच्नुपर्ने भयो । हिजो राजाका पालामा प्रेस स्वतन्त्रता थिएन भनेर हल्ला गर्नेहरू, समाचार हटाउनु भन्ने आदेश आउँदा पनि, ठूला मान्छेले समाचार लेखेकै भरमा सिध्याइदिन्छु भन्दा पनि बिद्रोह गरेको, बोलेको सुनिदैन । कारण सरोकारवालाहरू पनि बिभाजित छन् । यस्तै भएर हो स्वतन्त्रतामाथि अंकूश लाग्ने, अवाञ्छित तत्वहरूले प्रश्रय पाउने । जसरी जनकपुर उच्च अदालतको इजलास देखियो, त्यस्तै परिघटनाहरू बढ्नुमा सत्तापक्ष र विपक्षीहरूको यस्तै रवैया जिम्मेवार छ । पत्रकार भूमिगत हुनुपर्ने, न्यायमूर्तिले कालोमोसो खानुपर्नेजस्ता अवस्था देखिदैछन् । यिनको शासन भन्दा त राजाकै समय ठिक भन्ने विचारहरू फैलिन थालेका छन् । यद्यपि सत्ता र विपक्षमा यिनै भ्रष्टहरू आसिन छन् । आमनागरिक पिल्सिएर बाँच्न मर्न बाध्य छन् । अब त आवाज उठाउँदा पक्राउ हुनुपर्ने, मुद्दा खेप्नुपर्ने दिन आयो । एकातिर यस्तो ज्यादति, अर्कोतिर राजतन्त्र पुनर्स्थापना गर्ने आन्दोलनमा जनताको उपस्थिति न्यून हुने, अगुवा भनिएकाहरू आफसमा झडगा गर्ने, अन्तमा आन्दोलन नै तुहिने । कसरी परिवर्तन सम्भव हुन्छ यसरी ?

प्रष्ट छ, यिनका ज्यादति सहेर बस्ने, बिरोधमा सडकमा ननिस्कने हो भने परिवर्तन होइन, अहिलेजसते मृत्यु मात्र हात लाग्नेछ । के भयो नेपाली जनतालाई ? सबै त बिकेको छैनन् होला ? राणा शासनकै झझल्को आउँदा पनि बिद्रो गर्ने आँट जनतामा नदेखिनुले भ्रष्टहरूको जेमन्त बढेर गएको हो । हिजो जो परिवर्तनका लागि लडे, लोकतन्त्र र स्वतन्त्रताका लागि लडे, तिनीहरू पनि दासताको मनस्थितिमा देखिनु अर्के आश्चर्य हो । के यिनै ओली, देउवा, प्रचण्ड, आरजु, महेश बस्ने, रमेश लेखकहरूका भ्रष्टाचार, तानाशाहीलाई स्विकार्ने वातावरण बनाउन थालिएको हो, आम नागरिकका तर्फबाट पनि ? यदि आरजुको छोरोले कुनै होटेल खरिद गरेकै छैन भने खण्डन आइसक्या छ, होटलको तफृबाट पनि, आरजुको तर्फबाट पनि । फेरि किन यत्रो रडाको ? चोरको खुट्टा काट भन्दा चोरले खुट्टा उचालेझैं आरजुहरूलाइ किन मनोत्रासले सताएको होला ? होइन भने होइन, सकियो त । काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ । यदि होटेल खरिद गरेको होइन भने त्यस्ता समाचार पढेर हास्नु पो पर्ने हो ? त्रसित भएझैं किन सिध्याइदिन्छु भनेर धम्क्याउँदै, मुद्दा हाल्दै हिडेको हो र ? कि समाचारमा सत्यता छ । यतातिर पो संशय बढेको देखिन्छ । हिजो भुटानी काण्डमा पनि यिनै आरजुले दुई तीनवटा टीभी च्यानलमा भौतारिएर सफाइ दिएपछि कुनै बात नै लागेन । आज पनि बिज्ञप्ति जारी गरेपछि सकिहाल्यो नि । यसरी मुद्दा हाल्दै हिड्ने हो भने देउवा परिवारका कर्सा छाठा), कांग्रेसकै हालत के होला ?

सत्य तथ्य कुरो कांग्रेसीलाई पनि थाहा छँदैछ, कसो ?

लेखकको बिरोध, रविको समर्थन

माओवादीका प्रभावशाली नेता नारायणकाजी श्रेष्ठले गृहमन्त्री रमेश लेखकको भिजिट भिसाको काण्डको घुमाउरो पाराले आलोचना गर्दै इन्स्पेक्टरबाट डिएसपीमा पदोन्नति पाउन ३५ लाख रूपैयाँ नबुझाई सम्भव छैन भन्ने अभिव्यक्ति दिएका छन् । यस अघिका कांग्रेस, एमालेको शासनमा मन्त्री भएका काजीको यो अभिव्यक्ति गम्भीर विषय भएको मात्र होइन, गहिरो छानबिनको जरूरी छ भन्नेतिर पनि इसारा गर्छ । यद्यपि अध्यक्ष प्रचण्डले कांग्रेसका साथ दिएर गृहमन्त्रीलाई बचाइदिएका छन् । भनिन्छ, प्रचण्डले आफू र अग्नि सापकोटामाथिको खतरा टार्न एमाले र कांग्रेसको साथ दिएको सनसनी जारी नै । यसैवीच काजीले रास्वपाका अध्यक्ष रवि लामिछानेमाथि राज्यशक्तिको दुरूपयोग भएको आरोप पनि लगाएका छन् ।

रोजगारी सिर्जना गर्ने ढङ्ग पुगेन

प्रधानमन्त्री केपी ओलीलाई महावीर पुनले सुझाव दिनुभएको छ- अर्थतन्त्र सुधार्ने काम नगरेर नेपाललाई ***'मान्छे मात्र निर्यात गर्ने देश'*** बनाउने २५% जति जिम्मेवारी तपाईले लिनैपर्छ । देशको यो हालत भैसकेछ भनेर चेत बल्ल पो आएछ । एकदमै ढिलो भए पनि चेत आएकोमा धन्यवाद छ । कृपया अझै पनि अर्को पटक प्रधानमन्त्री बन्ने लोभ नगर्नुहोस् । तपाईंको देशको अर्थतन्त्र सुधार्ने र रोजगारी सृजना गर्ने ढंग पटक्कै देखिएन । तपाईको पार्टीको युवाहरूलाई अगाडी बढाउनुहोस् ।

महावीर पुन चिच्याइरहेका छन्, किताव लेखेर र बेचेर रोजगार सिर्जना र कवाडी भनेर फालिएका कृषि औजार कारखानाजस्ता उद्योग चलाइरहेका छन् । महावीर पुनहरूको महत्व लोकतान्त्रिक गणतन्त्रले कहिले पनि बुझेन ।

मर्‍यो ज्यूँदै त्यो, जसले बिर्स्यो देशको माटो

राजा महेन्द्र आधुनिक नेपालका शिल्पकार, कारिगर थिए ।

राजा महेन्द्रले २०१७ सालमा पुस १ गते प्रजातन्त्र खोसे भन्ने बाहेक उनविरूद्ध थप आरोप केही छैन । तर उनै राजाले जुन मार्गचित्र बनाइदिएका थिए, त्यही स्वाधीनतामा लोकतान्त्रिक गणतन्त्र चलाइरहेका छन् आजका शासकहरू । जुन शासन जनताको आँखामा बिझेको छ । राजा महेन्द्रको सम्झना गरिदैछ ।

वीपी कोइराला प्रजातन्त्रवादी नेता । राजा महेन्द्र राष्ट्रवादी नेता । यी दुबै राजनीति र राष्ट्रनेतावीच बिबाद थियो, तर दुबैवीच अनन्याश्रित सम्बन्ध पनि थियो भन्ने कुरा स्वयम् वीपीले आत्मवृतान्तमा उल्लेख गर्नुभएको छ ।

यो राजा महेन्द्रको उद्गार हो । यो उद्गार आज अझ सान्दर्भिक भएको छ । किनकि देश संकटमा छ, अस्तित्वको संकटमा । स्वराजको संकटमा । यसकारण पनि राजा महेन्द्रलाई बुद्धिजीवीहरूले सम्झना गरेका छन्- नेपाललाई भावनात्मक रूपमा एकताको सूत्रमा गाँस्ने, विश्व समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि गर्ने,भूमिसुधार र मुलुकी ऐनजस्ता क्रान्तिकारी कदम चाल्ने,ैद्योगिकरणको जग हाल्ने तथा नेपालको स्वाधीन अस्तित्वको सुदृढीकरण गर्ने राष्ट्रवादी राजा महेन्द्र ।

आज राजा महेन्द्रको १०५औ जन्मदिन । हार्दिक श्रद्धाञ्जली ।

रूसी सेनामा भर्ना भएका नेपाली युवा जो फर्किएनन्, जिम्मेवार को ?

हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं।

हाम्रो पहिचान, हाम्रो स्वाभिमान

नेपाल सरकार
विज्ञापन बोर्ड

ठोरीमा नेपाल भारत सिमानामा काँढेतार